PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
prateekdaily.com

कोभिड–१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं; विदेशबाट फर्किएकाहरूलाई दुर्व्यवहार नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




❖ वर्ष ३५ ❖ २०७८ भदौ २१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 06 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०

# पर्सा जिल्लामा भौतिक उपस्थितिमा विद्यालयहरू खुल्दै

प्रस, वीरगंज, २० भदौ/
वीरगंज महानगरपालिकामा सामुदायिक तथा संस्थागत विद्यालयहरू पूर्णरूपमा सञ्चालन भएसँगै पर्सा जिल्लाका विभिन्न पालिकामा भने विद्यालयहरू सञ्चालनमा आउन थालेका छन् ।

चैतको पहिलो सातादेखि बन्द भएका विद्यालयहरू वैशाख १६ गतेदेखि जारी निषेधाज्ञाको कारण खुल्न सकेका थिएनन् । सरकारले विद्यालय सञ्चालन गर्न स्वीकृति दिएको छैन भने स्थानीय प्रशासनले पनि विद्यालय सञ्चालनको लागि स्वीकृति प्रदान गरेको छैन ।

वीरगंज महानगरपालिकाले विद्यालय सञ्चालन गर्न अनुमति दिएको डेढ महीनापछि साउन १५ गतेदेखि वीरगंज महानगरका विद्यालयहरू सञ्चालनमा आएका हुन् ।

कक्षा ८ देखि १२ सम्मको विद्यालय पहिलो चरणमा खुले भने त्यसपछि कक्षा ५ माथिका र अहिले आएर बालविकासदेखि नै कक्षा सञ्चालन भएका छन् ।


तस्वीर: प्रतीक

*प्रस, ठोरी/*
ठोरी गाउँपालिकामा आइतवारदेखि बालविकासदेखि कक्षा १२ सम्मका विद्यालय सञ्चालनमा आएको गापाका शिक्षा संयोजक भुपालकुमार जोशीले बताए ।

भदौ १३ गते ठोरी गापाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापकलगायत सरोकारवालाहरूको संयुक्त बैठकले विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने निर्णय गरेको थियो । कोरोनाको जोखिम कम भएकोले विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गरिएको शिक्षा संयोजक जोशीले बताए । विद्यालय सञ्चालन भएपनि कोरोनाको जोखिमबाट जोगिन मास्कको प्रयोगसँगै तोकिएको स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने अनिवार्यता कायम गरिएको उनले बताए ।

संयोजक जोशीले विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरूले आवश्यकता अनुसार दुई सिफ्टमा विद्यालय सञ्चालन गर्न निर्देशन गरिएको बताए । उनले ग्रामीण क्षेत्र भएकोले ठोरीमा अनलाइन कक्षा सञ्चालन गर्न अप्ठेरो भएको र सियुजी सिममार्फत पठनपाठन गराउन अभिभावकहरू अनिच्छुक देखिएकाले विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्नुको विकल्प नरहेको प्रस्ट्याए ।

विद्यालय बन्द भएको करीब ६ महीना र नयाँ शैक्षिक सत्र शुरू भएको पौने दुई महीनापछि विद्यालय सञ्चालनमा आए पनि विद्यार्थी सङ्ख्या भने न्यून रह्यो । ठोरीका विद्यालयहरूमा २५ देखि ६५ प्रतिशत विद्यार्थी विद्यालय आएको बताइएको छ । ठोरी गापा–२ स्थित नमूना सामुदायिक मावि, सरस्वती मावि, गौतमनगरमा ६० प्रतिशत विद्यार्थी उपस्थित भएको प्रअ केशवप्रसाद रेग्मीले बताए ।

ठोरी गापा–१ मा रहेको प्राविधिक मावि दीपनगरमा भने विद्यार्थी सङ्ख्या न्यून भएको प्रअ निरञ्जनकुमार श्रीवास्तवले बताए । यहाँ २५ प्रतिशत विद्यार्थीको मात्र उपस्थिति रह्यो । ठोरी गापामा २१ वटा सामुदायिक विद्यालय छन् ।

आजदेखि विद्यालय सञ्चालनमा आए पनि सबै विद्यार्थीले मास्क नलगाएको ज्ञानज्योति मावि ठोरी गापा–४ का पिताचन्द्र ढुङ्गेलले बताए । उनले ठोरीमा हाल भाइरल ज्वरोको प्रकोप बढेको र विद्यार्थीहरूले मास्क नलगाउँदा भाइरल ज्वरो सर्न सक्ने जोखिम बढेको बताए । ठोरीका सबै विद्यालयले ज्वरो लागेका विद्यार्थीहरूलाई विद्यालय नआउन सूचित गरेका छन् र विद्यालय आउने सबै विद्यार्थीलाई अनिवार्य मास्कको प्रयोग

(बाँकी पाँचौं पातामा)

# राष्ट्रभक्तिलाई मन, मुटु र शिरमा राखौं -गौतम

प्रस, सिम्रौनगढ, २० भदौ/
सिम्रौनगढ नगरपालिका–७ स्थित


तस्वीर: प्रतीक

सशस्त्र प्रहरी बल नेपाल बिओपी गोपालगंजको नवनिर्मित भवनको आइतवार सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले उद्घाटन गरेका छन् ।

कार्यक्रममा उनले सरकारले सीमा रक्षाजस्तो महत्त्वपूर्ण जिम्मेवारी सशस्त्र बललाई सुम्पेको बताए । उनले सरकारले सुम्पेको जिम्मेवारीलाई पूर्ण इमानदारीका साथ पूरा गर्ने प्रतिबद्धता जाहेर गरे । राष्ट्रभक्तिलाई मन, मुटु र शिरमा राखेर पाएको जिम्मेवारी वहन गर्ने उनले बताए ।

दुई नम्बर प्रदेशको ४६४ किलोमिटर भूभाग भारतको खुला सीमासँग

(बाँकी पाँचौं पातामा)

## छोटकरी

### छात्राको उद्धार

प्रस, पोखरिया, २० भदौ/
खोला तरेर विद्यालय अध्ययनका लागि जाने क्रममा एकजना बालिका चिप्लेर लडे पनि साथीभाई र स्थानीयले उद्धार गरेका छन् ।

पर्सागढी नगरपालिका–४ निवासी अञ्जली कुमारी आइतवार बिहान पौने दश बजे अध्ययनका लागि नेरामावि बर्वाछटैली जाने क्रममा बाटोमा पर्ने फन्टी खोलाको लच्काबाट खोला तर्ने क्रममा चिप्लिएर खसेकी थिइन् । लच्कामा पानीको बहाव बढी हुने गरेकोले उनलाई बगाउनुअघि साथीभाइ र स्थानीयले उद्धार गरेको शिक्षक महन्तदास थारूले बताए ।

## डिभिजन वन कार्यालय बाराको अत्यन्तै जरुरी सूचना

डिभिजन वन कार्यालय बारा अन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्र, सामुदायिक वन क्षेत्र, साझेदारी वन क्षेत्रसँग जोडिएका वा सो क्षेत्रभित्र पर्ने कुनै नदी, खोलानाला, बगर, नदी उकास क्षेत्रबाट ठेक्का बन्दोबस्ती वा कुनै नाममा वा प्रयोजनका लागि नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न गराउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश वन निर्देशनालय प्रदेश नं २ र सो मन्त्रालय मातहतका डिभिजन वन कार्यालय बाराबाट कुनै सहमति नलिई उत्खनन, सङ्कलन गरिएको पाइए वन ऐन कानूनविपरीत ठहरिने सर्वसाधारण तथा स्थानीय तह सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यस सूचनालाई अटेर गरी वन क्षेत्राधिकारभित्र प्रवेश गरी उक्त कार्य गरेको पाइए वन ऐन अनुसार कडा कारबाही गरिने सबैमा यसै सूचनामार्फत सूचित गराइन्छ ।



## विचारसार र सूक्तिहरू

**जतिसुकै सम्पत्ति किन नकमाऊ, घमण्ड कहिले न गर। किनकि शतरंजको खेल सिद्धिनेबित्तिकै प्यादा र राजालाई एउटै बट्टामा थन्काइन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# भारत र जयसिंह धामी

**भारतीय सुरक्षाकर्मीले मानवताको घोर उल्लङ्घन गर्दै महाकाली नदी तरिरहेका जयसिंह धामीको तुइन चुँडाइदिंदा उनी खोलामा बगेर बेपत्ता भए। लामो समयसम्म बेपत्ता भएका धामी यस संसारमा छैनन् भन्ने पक्कापक्की छ। भारतबाट नेपाल आउने क्रममा नदीमा पुल नभएकोले तुइनकै भरमा आवतजावत हुने उक्त स्थानमा सुरक्षामा के शङ्का उत्पन्न भयो र एउटा जिउँदो मानिसलाई नदीमा डुब्न बाध्य पारियो, बुझ्न मुश्किल छ। जयसिंह धामी नितान्त सामान्य व्यक्ति हुन्, उनले भारतीय सुरक्षामा कुनै खलल पुऱ्याउन सक्दैनन्। उनीमात्र किन, कुनै पनि नेपालीले भारतको सुरक्षामा खलल पुग्ने कल्पनासम्म गर्न सक्दैन। किनकि भारतको सुरक्षा, कुनै पनि आक्रमणको बेला अग्रपङ्क्तिमा रहेर, गर्ने नेपाली नै हो। जुन देशका लागि आफ्ना भाइ–बन्धुले रगत बगाइरहेका छन्, त्यसको अहित कसैले कसरी सोच्न सक्छ? भारतको सुरक्षामा खलल पुऱ्याउनेहरू त हवाईजहाज, पानीजहाजमा पो हिंड्छन्, जयसिंह धामीजस्तो तुइनबाट नदी तर्दैनन्। तर पनि यो घटना भयो, नेपाल सरकार बोल्दैन, भारतलाई केही बोल्ने आवश्यकता छैन।**

**भारतलाई केही बोल्ने आवश्यकता किन छैन भने ऊ बलियो छ। बल मिच्याइ गरेर उसले पूर्वदेखि पश्चिमसम्मको कैयौं भूभाग मिचेको छ। नेपालको सीमावर्ती क्षेत्रमा अग्लो बाँध, सडक, रेललाइन बनाएर नेपालको समथर भूभाग डुबानमा पार्ने हर प्रयत्न गर्न उसलाई न नैतिकता रोक्छ, न कुनै अन्तर्राष्ट्रिय नियम–कानूनले, न ‘छिमेकी पहिले’ भन्ने उसैले उद्घोष गरेको नाराले। ‘छिमेकी पहिले’ नेपाली बुझाइमा पहिले छिमेकीलाई सहयोग हो, तर भारतले यसलाई पहिले ‘छिमेकीलाई सास्ती’ भन्ने अर्थमा लिएको बुझिन थालेको छ। यसै पनि भारतका आदिकवि तुलसीदासले भनेकै छन्–समरथ के न कछु दोष गुसाईं। भारत समर्थ छ, सबै मानेमा। जनबल, धनबल, शस्त्रबलमा ऊ विश्वका उच्चकोटीका मुलुकहरूको दाँजोमा उभिएको छ। नेपाल भनेको सानो मुलुक, नेपालका साना मानसिकता र भारतको कृपाविना आफ्नो उद्धार नदेख्ने राजनेताहरूले भारतसँग निहुरिनुबाहेक अर्को गुण पनि सिकेनन्। भारत नभए देश चल्नै नसक्ने मनोग्रन्थि पालेका नेपाली शासकहरूले जयसिंह धामीलाई न्याय दिलाउन पनि सक्ने छैनन्। के भो? भारतीय सरहदको रक्षामा रगत बगाउने नेपालीको एउटा छोरा भारतीय सुरक्षाकर्मीको अर्घेलोपनको शिकार भएर।**

**कुरा व्यक्ति मारिनुसम्म सीमित छैन। भारत बलशाली छ भने उसले हिम्मतका साथ भन्नुपर्दछ, जयसिंह धामीबाट उसलाई खतरा थियो। अन्यथा नदी तरिरहेको बेला तुइन चुँडालेर कसैको हत्या गर्ने व्यक्तिबारे सोधखोज गर्न के आपत्ति? तर यसरी एउटा बलशाली मुलुकले आफ्नो कृपाले पालिएको र आफ्नो समर्थनविना सरकार टिकाउनै नसक्ने राजनीतिक दलहरू भएको मुलुकका अगाडि किन आफ्नो दोष स्वीकार गर्ने? यसै पनि भारत महान् है भन्ने नारा लगाउने मुलुकले एउटा सानो कुरामा आफ्नो महानतामा दाग किन लाग्न दिने? महान्‌ले गरेको काम महान् नै हुन्छ। तुइन चुँडालेर कसैलाई डुबाउने काम होस् वा तराईको समथर भूमिलाई तालमा परिणत गर्ने मनसुबा होस्। तर एकजना भारतीय कविले भनेको कुरालाई भारतका शासकहरूले बिर्सनुहुँदैन–निर्बल को न सताइए, निर्बल की बडी आह, सुखे चाम के दाह से लौह भस्म हो जाए।**

# समाजमा मिडियाको भूमिका

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**मिडियाद्वारा आम मानिसले सरकारको आलोचना, शासन व्यवस्थाका कमजोरी, जनताको चाहना र आवश्यकता उजागर गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। परिणामस्वरूप आलोचनाको भयले सरकारले शासन व्यवस्थामा सुधार पनि गर्छ।**

लोकतान्त्रिक देशमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको क्रियाकलापको अवलोकन गर्नको लागि मिडियालाई सरकारको ‘चौथो अङ्ग’को रूपमा परिभाषित गरिएको छ। १८औं शताब्दीपछि खासगरी अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सको राज्य क्रान्तिको बेलादेखि नै आम मानिस समक्ष पुग्ने र उनीहरूलाई जागृत गरेर सक्षम बनाउने कार्यमा मिडियाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। मिडियाले यदि सकारात्मक भूमिका निर्वाह गर्छ भने कुनै पनि व्यक्ति, संस्था, समूह र देशलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकरूपमा समृद्ध बनाउन सजिलो हुन्छ।

वर्तमान समयमा मिडियाको उपयोगिता, आवश्यकता, महत्त्व र भूमिका निरन्तर बढिरहेको छ। कुनै पनि समाज, सरकार, वर्ग, संस्था, समूह, व्यक्ति मिडियालाई उपेक्षा गरेर अघि बढ्न सक्दैन। आजको जीवनमा मिडिया अपरिहार्य आवश्यकता बनेको छ। समाजको अवलोकन गर्दा के तथ्य थाहा हुन्छ भने मानिसको भीड वा असम्बद्ध मानिसलाई समाज भन्न मिल्दैन। समाजको अर्थ सम्बन्धको परस्पर सहयोगात्मक भावना, जसमा विवेकशील र विचारवान् मानिसहरूको अस्तित्व हुन्छ र यसरी उनीहरू सबै एकअर्कासँग गाँसिएका हुन्छन्।

मिडिया एउटा समग्र प्रणाली हो, जसमा प्रिन्टिङ्ग प्रेस, पत्रकार, इलेक्ट्रोनिक माध्यम, रेडियो, एफ.एम., इन्टरनेट, टेलिभिजन, सिनेमा आदि सूचनाका माध्यमहरू सामेल हुन्छन्। समाजमा मिडियाको भूमिकामाथि चर्चा गर्नुको अर्थ समाजमा मिडियाले प्रत्यक्ष र अप्रत्यक्षरूपले के योगदान दिइरहेको छ। आफ्नो उत्तरदायित्वको निर्वहन गर्दा समाजमाथि त्यसको कस्तो सकारात्मक वा नकारात्मक प्रभाव परिरहेको छ? यस्ता कुराहरूको चर्चा गर्नुपर्ने हुन्छ। त्यसको प्रभावबाट के प्रस्ट हुन्छ भने समाजमा मिडियाको शक्ति, महत्त्व र उपयोगितामा वृद्धि हुनाले यसको सकारात्मक प्रभावमा पनि धेरै हदसम्म वृद्धि भएको छ तर सँगसँगै यसको केही नकारात्मक प्रभाव पनि हिजोआज देखापरिरहेको छ।

मिडियाले जहाँ आम मानिसलाई निर्भिकतापूर्वक जागरुक बनाउने, भ्रष्टाचार उजागर गर्ने, सत्तामाथि तार्किक नियन्त्रण र जनहितमा हुने कार्यहरूको अभिवृद्धिमा सक्दो योगदान गरेको छ त्यहीं लोभ, भय, द्वेष, प्रतिस्पर्धा र राजनीतिक कुचक्रको जालोमा फँसेर आफ्नो भूमिका कलङ्कित पनि पारेको छ। व्यक्तिगत वा संस्थागत निहित स्वार्थको लागि ‘पीत पत्रकारिता’को अवलम्बन, ब्लैकमेलद्वारा अरूको शोषण, समाचारलाई बङ्ग्याएर प्रस्तुति, संवेदनशील समाचारलाई बढी प्राथमिकता, एकअर्काको भावनालाई ठेस पुऱ्याउने समाचार प्रकाशन, घटना र कथनलाई दुई खाले अर्थ निस्कने बनाउनु, भय वा लालचमा सत्ताधारी दलको चापलुसी गर्नु, अनावश्यक कसैको प्रशंसा र महिमामण्डन गर्नु र कसैको आलोचना गर्नु जस्ता अनुचित कार्य हिजोआज मिडियाद्वारा भइरहेको छ। दुर्घटना र संवेदनशील मुद्दालाई बढाइचढाई प्रस्तुत गर्नु, इमानदारिता, कर्तव्यनिष्ठा र साहससँग सम्बन्धित समाचारलाई बेवास्ता गर्नु आजभोलि मिडियाको सामान्य लक्षण भएको छ। मिडियाको यसखाले व्यवहारले समाजमा अव्यवस्था र असन्तुलनको स्थिति उत्पन्न हुन्छ।

प्रिन्ट मिडिया, टेलिभिजन र सिनेमाको माध्यमले पश्चिमी संस्कृतिको आगमन र प्रसार भइरहेको छ, जसबाट समाजमा अनावश्यक फैशन, अश्लीलता, चोरी, बलात्कार, गुण्डागर्दीजस्ता घटनामा वृद्धि भएको छ। यसले गर्दा हाम्रो देशको युवावर्ग पनि पतनतिर उन्मुख भइरहेको छ। इन्टरनेटको माध्यमले युवा नजीक असामाजिक क्रियाकलाप पुगिरहेको छ। यसले गर्दा उनीहरूमा नैतिकता, संस्कृति र सभ्यताको लगातार कमी देखा परिरहेको छ। यी सबैलाई हेर्दा मिडियाको भूमिकामाथि चर्चा गर्नु आज आवश्यक भएको छ।

मिडियाको भूमिका यथार्थ सूचना प्रदायक एजेन्सीको रूपमा हुनुपर्छ। मिडियाद्वारा समाजलाई सम्पूर्ण विश्वमा हुने घटनाको जानकारी प्राप्त हुन्छ। यस कारण मिडियाको प्रयास यथार्थपरक जानकारी प्रस्तुत गर्नु हो। सूचनालाई बङ्ग्याएर वा दूषित गरेर प्रस्तुत गर्ने प्रयास हुनुहुँदैन। समाजको हित र जानकारीको लागि सूचना प्रवाह यथावत् र विशुद्ध रूपमा जनता सामु पस्किनुपर्छ। मिडियाको प्रस्तुतीकरण कस्तो हुनुपर्छ भने जसबाट जनताको मार्गदर्शन होस्। उत्कृष्ट लेख, सम्पादकीय, ज्ञानवर्द्धक सूचनाहरू, श्रेष्ठ मनोरञ्जन, खेलकूद, अन्तर्राष्ट्रिय घटनाक्रम आदि सामग्री समाचारमा समावेश भयो भने मात्र समाजलाई सही दिशा प्रदान गर्न सकिन्छ।

मिडियाले समाजको नेतृत्व कैयन प्रकारले गर्दछ। यसबाट समाजको विचारधारा प्रभावित हुन्छ। यसर्थ मिडियालाई प्रेरकको रूपमा उपस्थित हुनुपर्छ जसबाट समाज र सरकारलाई प्रेरणा र मार्गदर्शन प्राप्त हुन सकोस्। मिडिया समाजको विभिन्न वर्गको हितका लागि रक्षक पनि हुन्छ। मिडियाले समाजको नीति, परम्परा, मान्यता र सभ्यता एवं संस्कृतिको प्रहरीको रूपमा पनि आफ्नो भूमिका निर्वाह गर्छ। विश्वभरि हुने विभिन्न घटनाहरूको जानकारी समाजका बेग्लाबेग्लै वर्गलाई मिडियाको माध्यमले नै हासिल हुन्छ। यस कारण मिडियाले पस्किने सूचनाहरू सत्य, तथ्य र निष्पक्ष हुनुपर्छ।

मिडिया आफूले पस्किने खबरको माध्यमले सामाजिक असन्तुलन र सन्तुलनमा ठूलो भूमिका निर्वाह गर्छ। मिडिया आफ्नो भूमिकाद्वारा समाजमा शान्ति, सौहार्द, सकारात्मकताको भावना विकसित गर्न सक्छ। सामाजिक तनाव, सङ्घर्ष र मतभेदको बेला मिडियाले संयमित तरीकाबाट कार्य गर्नुपर्छ। राष्ट्रप्रति भक्ति र एकताको भावना फैलाउन पनि मिडियाको महत्त्वपूर्ण भूमिका हुन्छ। शहीदहरूको सम्मानमा प्रेरक र उत्साहवर्द्धक समाचार प्रसारणमा मिडियाले अघि बढेर भाग लिनुपर्छ। यसैगरी मिडिया विभिन्न सामाजिक कार्यद्वारा समाज सेवकको भूमिका पनि निर्वाह गर्दछ। भूकम्प, बाढी–पहिरो वा अन्य प्राकृतिक वा कोरोनाजस्तो आकस्मिक महामारीको बेला जनसहयोग जुटाएर मानवताको ठूलो सेवा गर्न सक्छ। अहिले नैतिकताको खडेरी परेको बेला सद्प्रवृत्ति अभिवृद्धिको लागि पनि मिडिया अघि सर्नुपर्छ।

आज मिडिया प्रचारको प्रमुख स्रोत बनेको छ। विभिन्न राजनीतिक विचारधाराको विश्लेषणले आम मानिसलाई राजनीतिक विचारधारा सम्बन्धी जानकारी प्राप्त हुन्छ। उनीहरू सरकार विरोधी दलहरूबारे आफ्नो दृष्टिकोण बनाउँछन्। मिडियाद्वारा जनमतलाई कुनै विशेष दल अनुकूल वा प्रतिकूल बनाउन सहयोग प्राप्त हुन्छ। प्रजातन्त्रमा सबैलाई आआफ्नो विचार प्रकट गर्ने र सरकारको आलोचना गर्ने पूर्ण अधिकार हुन्छ। यसरी मिडियाद्वारा आम मानिसले सरकारको आलोचना, शासन व्यवस्थाका कमजोरी, जनताको चाहना र आवश्यकता उजागर गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। परिणामस्वरूप आलोचनाको भयले सरकारले शासन व्यवस्थामा सुधार पनि गर्छ। आफ्नो नीतिमा संशोधन पनि गर्छ जनताको माग पूर्ति गर्ने प्रयास पनि गर्छ। यसरी मिडियाले जनता र सरकारबीच सम्बन्ध–सेतुको भूमिकाको निर्वहन गरेको पाइन्छ।

तर कहिलेकाहीं झूटो समाचार र विज्ञापनद्वारा आम मानिसलाई भ्रमित पनि गर्छ तर यो दोष मिडियाको नभई त्यसको सञ्चालकको हुन्छ। यस कारण मिडिया सञ्चालकहरूलाई दलगत विचारभन्दा माथि उठ्नु आवश्यक हुन्छ किनभने मिडियाको बहुआयामिक भूमिकालाई हेर्दा के भन्न सकिन्छ भने मिडिया आज विनाशक र हितैषी दुवै भूमिकामा देखा परेको छ। नेपालको परिप्रेक्ष्यमा त्यो समय आइसकेको छ जहाँ मानिसलाई भविष्यको भस्मासुर नबन्न दिनको लागि मिडियाले आफ्नो शक्तिको सदुपयोग जनहितमा गरेर समाजको पथप्रदर्शक बन्न सकोस्। यदि मिडियाले आफ्नो उत्तरदायित्व बुझेर कर्तव्य निर्वाह गर्छ भने व्यक्ति, समाज र राष्ट्रको लागि सबैभन्दा ठूलो सहयोग हुन्छ।

# मानव सेवा आश्रमको लागि २० करोड बजेट आवश्यक

राधेश्याम पटेल, परवानीपुर, २० भदौ/

वीरगंजमा निर्माण हुने मानव सेवा आश्रमको सुविधासम्पन्न भवनको लागि १५ देखि २० करोड रुपैयाँ आवश्यक पर्ने देखिएको छ। मानव सेवा आश्रम वीरगंजद्वारा वीरगंज महानगरपालिकाको सभाहलमा आयोजित वैचारिक योजना सार्वजनिक कार्यक्रममा गाथा नामक संस्थाका प्राविधिकहरूले भवनको वैचारिक योजना प्रस्तुत गरेका थिए।

तस्वीरः प्रतीक



वीरगंज महानगरको स्वामित्वमा रहेको वीरगंज महानगरपालिका वडा नं १५ लक्ष्मणवास्थित १८ कट्ठा जग्गामा उक्त भवन निर्माण गर्न महानगरले संस्थालाई सहयोग गरेको छ। सडकमा जीवन बिताउने मानव, असहाय बालबालिका, मानसिक सन्तुलन गुमाएका आश्रितहरूलाई मानव सेवा आश्रममा राखेर सेवा गरिन्छ।

वीरगंजस्थित श्रीपुरमा रहेको मानव सेवा आश्रममा आश्रितको सङ्ख्या बढ्दै गएर ठाउँ अपुग भएपछि संस्थाले छुट्टै ठाउँमा सुविधासम्पन्न भवनको लागि योजना अघि बढाएको हो।

कार्यक्रममा प्रस्तुत गरिएको वैचारिक योजना अनुसार भवन निर्माणको लागि प्रदेश तथा स्थानीय सरकार र अन्य दाताबाट सहयोग सङ्कलन गरी भवन निर्माण कार्य पूरा गराउने मानव सेवा आश्रमका संस्थापक रामजी अधिकारीले जानकारी गराए।

१८ कट्ठा जग्गामध्ये १४ कट्ठामा निर्माण हुने आश्रमको भवनमा पूर्वपट्टि प्रवेशद्वार, महिला, पुरुष तथा बालबालिकाहरूको लागि छुट्टाछुट्टै विश्रामस्थल, शयन कक्ष, भान्सा, पार्किङ स्थल, खेलकूद मैदान, बगैंचा, तालीम हल, स्वयंसेवक बस्ने कोठालगायतका सुविधा हुनेछन्।

नयाँ बन्ने भवनमा ५० जना महिला, ५० जना पुरुष र ३० जना बालबालिका गरी कुल १३० जना बस्न सक्ने क्षमता हुनेछ। एकैसाथ ७० जनाले खाना खान सक्ने भान्सासहितको डाइनिङ हल रहनेछ। भवनलाई पर्यटकीय गन्तव्य बनाउन र कार्यक्रम आयोजना गरी आम्दानी बढाउनको लागि मधेसी मौलिकता बोकेको ढाँचामा वास्तुशास्त्र अनुसार भवनको डिजाइन गरिएको संस्थाका प्रदेश २ का संयोजक दिवेश गुप्ताले जानकारी गराए।

कार्यक्रममा वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी, उपप्रमुख शान्ति कार्की, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, सशस्त्र प्रहरी नायब उपरीक्षक निर्मल थापा, विपिसी कलेजका सञ्चालक दीपक शाक्य, भवानी अस्पतालका सञ्चालक राम श्रेष्ठ, प्रकाशमान अमात्य, सामाजिक अभियन्ता प्रकाश थारूलगायतको सहभागिता थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# चिकित्सा शिक्षा नियमावली संशोधन गर्न निर्देशन

काठमाडौं, २० भदौ/रासस

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले वास्तविक गरीब, विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने गरी 'राष्ट्रिय चिकित्सा शिक्षा नियमावली–२०७७' संशोधन गर्न निर्देशन दिएको छ।

चिकित्सा शिक्षा आयोगले सञ्चालन गरेको परीक्षा र छात्रवृत्तिका सम्बन्धमा आइतवार सम्बन्धित मन्त्रालय र निकायका पदाधिकारीसँग छलफल गरी सो नियमावलीलाई संविधान र ऐनको मर्म अनुसार हुनेगरी संशोधन गर्न समितिले निर्देशन दिएको हो।

समितिका सभापति जयपुरी घर्तीले नियमावलीको दफा (२०) को ५ मा सामुदायिकबाहेकका विद्यालयका विद्यार्थीलाई पनि दिन सकिने गरी व्यवस्था गरिनु राष्ट्रिय चिकित्सा शिक्षा ऐन–२०७५ को मर्म र आशयविपरीत भएकाले संशोधन हुनुपर्ने बताइन्। उक्त उपदफामा 'यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा ६ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसइई) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट एसइईको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनोट गरिनेछ' भनिएको छ।

ऐनको व्यवस्था अनुसार सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कुल सिटको ७५ प्रतिशत छात्रवृत्तिका लागि निर्धारण गर्नुपर्छ। यस्तै, निर्देशिकाको दफा ६ मा 'दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई छनोट गरिनेछ' भन्ने व्यवस्थाबाट 'अन्य' हटाउन माग गरिन्।



प्रतिनिधिसभा शिक्षा तथा स्वास्थ्य समितिको आइतवार सिंहदरबारमा बसेको बैठकमा समितिकी सभापति जयपुरी घर्ती। तस्वीरः रासस

निर्देशिकाको दफा ८ को उपदफा 'ख' मा भएको 'दशमलवपछिको अङ्क बराबर भएमा खुला योग्यता क्रममा अगाडि रहेको उम्मेदवार भएको समुदायलाई एक सिट थप गर्ने'लाई पुनः विचार गर्न समितिले निर्देशन दिएको छ।

बैठकमा सांसदहरू गिरिराजमणि पोखरेल, मानबहादुर विश्वकर्मा, विद्या भट्टराई, जीवनराम श्रेष्ठ, रेखा झालगायतले विपन्न र आरक्षित समुदायका लागि निर्धारण गरिएको छात्रवृत्ति कोटामा अन्य निजी विद्यालयका विद्यार्थीलाई छिराउने बाटो नदिन माग गरेका थिए।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले निर्देशन अनुसार अर्थ र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिएर संशोधनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव तयार गरिने प्रतिबद्धता व्यक्त गरे। उनले तोकिएका क्षेत्रमा छात्रवृत्तिका सबै बजेट उपयोग हुन नसकेको स्थितिमा त्यसको प्रक्रियालाई सरलीकृत गर्ने जनाए।

**आयोगको परीक्षा तालिका आउँदै**

आयोगका कार्यकारी उपाध्यक्ष डा श्रीकृष्ण गिरीले निर्देशिकाका कतिपय व्यवस्था आयोगको सुझावविनै सरकारबाट ल्याइएकाले आगामी दिनमा थप व्यवस्थित गरिने बताए। उनले कक्षा १२ को परीक्षा सकिएपछि यस वर्षको आयागका विभिन्न परीक्षाको तालिका सार्वजनिक गरिने जानकारी दिए।

कोभिड–१९ का कारण शैक्षिक क्यालेन्डर प्रभावित भएकाले यसलाई क्रमशः व्यवस्थित गरिने बताए।

# शिवालयमा तेरस पूजा



प्रस, सिम्रौनगढ, २० भदौ/

प्रत्येक वर्ष भदौमा लाग्ने तेरसको मेला सिम्रौनगढको तीनवटा शिवालयमा लागेको छ।

भाकल पूरा भएका महिला तथा पुरुषहरूले तेरसको पूजा गर्ने गर्छन्। भाकल गर्ने महिला, पुरुषले भाकल अनुसार वाग्मती, त्रिवेणी, गङ्गा नदीबाट जल ल्याउने र शिवालयमा चढाउने गर्छन्।

स्थानीय महिला, पुरुषहरू भने शिवालयनजीकबाट जल लिएर चढाउँछन्। तेरसको अवसरमा लागेको मेलामा बिहानैदेखि भीड रह्यो।

सिम्रौनगढ नगरपालिका वडा नं ७, वडा नं ३ नयकाटोला, वडा नं ४ हरिहरपुर गरी तीन ठाउँका शिवालयमा तेरसको अवसरमा मेला लागेको हो।

# प्रदेश २ मा लोसपाको सांसद सङ्ख्या १५ पुग्यो

प्रस, जनकपुरधाम, २० भदौ/

प्रदेश नं २ मा प्रदेश सांसदहरू जनता समाजवादी पार्टी (जसपा) छाडेर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)मा जाने क्रम जारी छ। यस क्रममा आइतवार थप तीनजना सांसदले लोसपा रोजेका छन्।



जसपाका प्रदेश सांसद अभिराम शर्मा, रानीकुमारी तिवारी र उपेन्द्र महतोले आइतवार जनकपुरधामस्थित निर्वाचन आयोगको प्रादेशिक कार्यालयमा पुगेर सनाखत गरेका छन्।

यी तीनजना सांसदले सनाखत गरेसँगै प्रदेश २ मा लोसपा सांसदको सङ्ख्या १५ जना पुगेको छ।

यसअघि शुरूमा दशजनाले र त्यसपछि थप दुईजनाले सनाखत गर्दा १२ जना पुगेको थियो।

लोसपा रोजेर यसअघि परमेश्वर साह, बाबुलाल साह, जानकीसरण शाह, सुरिता साह, जयनुल राइन, अलका झा, नीलमदेवी भूमिहारिन, बबिता कुमारी, रमेशप्रसाद कुर्मी, डिम्पल झा, प्रह्लाद गिरी गोस्वामी र गौरीनारायण साहले सनाखत गरेका थिए।

आइतवार धनुषा जिल्लाको हंसपुर नगरपालिकाका प्रमुख रामज्ञान मण्डलले पनि लोसपामा जान सनाखत गरेको निर्वाचन आयोगको कार्यालयले जनाएको छ।

# करर्ाले बगाएको युवकको शव फेला

प्रस, मकवानपुर, २० भदौ/

शुक्रवार दिउँसो करर्ा खोलामा ट्रकसहित बगाएका दुईजनामध्ये फेला पर्न बाँकी अर्का एकजनाको शव आइतवार फेला परेको छ। घटनास्थलभन्दा करीब डेढ किलोमिटर तल शव फेला परेको हो।

हेटौंडा वडा नं १७ चुच्चेखोला कुमालटारस्थित करर्ा खोला किनारमा शव भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। फेला परेको शवको सनाखत हुन सकेको छैन। कुमालटारबाट दूध बोकेर डेरीतर्फ जाँदै गरेका स्थानीयले बिहान शव देखेपछि प्रहरीमा खबर गरेका थिए।

ट्रक बगाउँदा सो ट्रकमा रहेका स्थानीय गणेश थापाको शव घटनाको भोलिपल्ट शनिवार साँझ घटनास्थलभन्दा करीब २०० मिटर तल फेला परेको थियो। थापासँगै ट्रकमा रहेको नाम, ठेगाना थाहा नभएको उनको साथीको शव आइतवार फेला परेको हो। शुक्रवार दिउँसो हेटौंडा उपमहानगरपालिका वडा नं १७ रामपुरडाँडास्थित करर्ा खोलाले शिवम सिमेन्ट उद्योगबाट चौघडातर्फ जाँदै गरेको ना.४ख १४४० नम्बरको ट्रकसहित दुईजनालाई बगाएको थियो। सोही दिनदेखि प्रहरी र स्थानीय बासिन्दाले खोजतलाश गरे पनि शव फेला पर्न सकेको थिएन।

# भन्सार छलीका सामान बरामद

प्रस, पोखरिया, २० भदौ/

इलाका प्रहरी कार्यालय पोखरियाले आइतवार दिउँसो बहुदरमाई नगरपालिका क्षेत्रमा सञ्चालित अटोबाट लाखौं मूल्यका भन्सार छलीका सामान बरामद गरेको छ।

प्रहरीले दिउँसो बहुदरमाई नपा–६ मा ना.२ह ५२६३ नम्बरको अटोबाट रु ७ लाख १८ हजार मूल्यबराबरका लत्ताकपडा, कस्मेटिकका सामान बरामद गरेको थियो।

सूचनाको आधारमा सामान बरामद भएको र आवश्यक कारबाईका लागि वीरगंज भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# पाँच प्रतिशत बढीले घटे पनि नेप्सेले रोक्यो शेयर कारोबार

काठमाडौं, २० भदौ/रासस

उच्च अङ्कले धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक ओरालो लागेपछि नेपाल स्टक एक्सचेन्जले कारोबार रोकेको छ। नेप्सेले ४० मिनेटका लागि कारोबार रोकेको हो।




कारोबार शुरू भएको दुई घण्टामैं नेप्सेमा पाँच प्रतिशतको गिरावट देखिएको छ। लगातार नेप्सेमा गिरावट देखिएपछि कारोबार रोकिएको हो। नेप्से १४७.३१ बिन्दुले अर्थात् ५.०३ बिन्दुले ओरालो लागेर दुई हजार ७७९.६८ मा रोकिएको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २६.९३ अङ्कले ओरालो लागेर ५१४.८४ मा सीमित भएको छ। कुल २१५ कम्पनीका एक करोड ४८ लाख ३१ हजार ७३८ कित्ता शेयर रु सात अर्ब १९ करोड ९० लाख ३५ हजार ६७१ मूल्यमा खरीद–बिक्री भएका थिए।

# प्राडा अनिल सिन्हा प्राचार्य नियुक्त

प्रस, रक्सौल, २० भदौ/



केसिटिसी कलेज रक्सौलको वनस्पति विज्ञान विभागका प्रमुख प्राडा अनिलकुमार सिन्हालाई एसएलके कलेज सीतामढीको प्राचार्यमा नियुक्त गरिएको छ। बिहार विश्वविद्यालयका कुलपति प्रा हनुमान पाण्डेयले प्राडा सिन्हालाई सीतामढी कलेजको प्राचार्यमा नियुक्त गरेका हुन्।

# नागरिकताविहीनद्वारा प्रजिअलाई ज्ञापनपत्र

प्रस, वीरगंज, २० भदौ/

नागरिकताविहीन नेपालीहरूका जिल्ला संयोजक अनिलकुमार राउतको नेतृत्वमा आइतवार प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेलाई ज्ञापनपत्र बुझाइएको छ।




तस्वीरः प्रतीक

नेपालको संविधान २०७२ को भाग २ को उपधारा १० अनुसार कुनै पनि नेपाली नागरिकलाई नागरिकता पाउने हकबाट वञ्चित गरिनेछैन भनी भाग २ धारा ११ को उपधारा ३ अनुसार यो संविधान प्रारम्भ हुनुभन्दाअघि जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बुबाआमा दुवै नेपालका नागरिक छन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने व्यवस्था हुँदाहुँदै अहिले यस्ता नागरिकहरूका सन्तानहरूलाई नागरिकता दिनबाट रोक लगाइएकोमा उनीहरूले आपत्ति प्रकट गरे।

यसैगरी, संविधानको धारा ११ को उपधारा ५ अनुसार नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमैं बसोबास गरेको र बुबाको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ भन्ने व्यवस्था हुँदा सो अनुसार नागरिकता वितरण नभएको भनी ज्ञापनमा आपत्ति जनाइएको छ।

२०७५ भदौ ५ गते प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा नागरिकता विधेयक दर्ता भएपनि अहिलेसम्म सो विधेयक पारित हुन सकेको छैन।

विधेयक पारित नहुँदै थुप्रै नेपाली नागरिक नागरिकताबाट वञ्चित भएको



भन्दै विधेयक पारितको लागि पनि उनीहरूले जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन गरेका थिए।

नागरिकताविहीन नेपाली प्रदेश २ पर्साका संयोजक राउतले नेपालको संविधान २०७२ भाग २ धारा ११ को उपधारा ५ छिटो कार्यान्वयनमा ल्याउनुपर्ने र विगतका दिनमा नागरिकता नभएर गुमाएको सेवा सुविधाको क्षतिपूर्ति पाउनुपर्ने बताए।

ज्ञापन बुझ्दै प्रजिअ घिमिरेले ज्ञापनपत्रलाई सम्बन्धित निकायमा अविलम्ब पठाउने आश्वासन दिए।

# 'युवाको भूमिका' विषयक छलफल सम्पन्न

सञ्जीव मिश्र, विन्ध्यवासिनी, २० भदौ/

पर्साको विन्ध्यवासिनी गाउँपालिकामा बालमैत्री विद्यालयको लागि युवाको भूमिका विषयक छलफल कार्यक्रम आइतवार सम्पन्न भएको छ।




तस्वीरः प्रतीक

गाउँपालिकाको सहकार्यमा शिक्षाको लागि राष्ट्रिय अभियान नेपाल जिल्ला समन्वय समिति पर्साले आयोजनामा गरेको कार्यक्रम गाउँपालिका अध्यक्ष श्रीलाल साह कानूको अध्यक्षतामा भएको थियो।

कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साहको आतिथ्य थियो।

पालिकाका २० जना युवाको सहभागिता रहेको कार्यक्रममा गापा अध्यक्ष कानूले पालिका अन्तर्गतका सबै विद्यालयको सर्वेक्षण गरी बालबालिकाहरूको लागि आवश्यक झोला, शैक्षिक सामग्री र किशोरीहरूका लागि सेनिटरी प्याडसमेत वितरण गरिने बताए। बालमैत्री विद्यालय सञ्चालनका लागि पालिकाले बजेट विनियोजन गर्ने तयारी गरेको जानकारी गराउँदै अध्यक्ष कानूले शैक्षिक कार्यक्रमले लक्ष्य प्राप्त गर्नको लागि युवाहरूको भूमिका महत्त्वपूर्ण रहेको बताए।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सरोजप्रसाद चौहान, एनसी नेपालका यङ च्यापियन निशा राई, आनन्दकुमार यादव, सर्वहित क्लब अमरपट्टिका सचिव राजेश्वरप्रसाद चौरसियालगायतले छलफलमा भाग लिएका थिए।

# धन्यवाद देउवाजी

मन्तव्य



कुमार रुपाखेती

**नङ्गा क्या नहाएगा, क्या निचोडेगा प्रवृत्तिका यिनीहरूको भ्यागुतो धार्नी सबैले देखिसकेका छन् । तसर्थ मुलुकको आर्थिक भार न्यून गर्दै देउवाले आधा दर्जनभन्दा कम सदस्य राखेर सरकार चलाएकोमा आम जनता खुशी भएको देख्दा म पनि दङ्ग छु । धन्यवाद देउवाजी !**

माधव नेपाल र उपेन्द्र यादवको पुच्छर समातेर वैतरणी पार गर्न सकिन्छ भन्ने भ्रममा परेकाहरू अहिले झल्यास्स भएका छन् । यस्ता पिछलग्गुहरूको वैतरणी भनेको मन्त्री पद हो । सबैलाई थाहा छ एक महीनाभन्दा अघिदेखि नै शेरबहादुर देउवाले नेपालकै इतिहासको लज्जास्पद र अपाङ्ग मन्त्रिमण्डलको नेतृत्व गरिरहेका छन् । मन्त्री पदका थुप्रै आकाङ्क्षी भएकाले नामावली पठाउन असमर्थ रहेको कुरा माधव र उपेन्द्रले बारम्बार दोहोऱ्याउँदै सहयोगी भनिने आफ्ना पिछलग्गुहरूको पदलोलुपता उजागर गर्ने, बदनाम गर्ने काम गर्दै आएका छन् । माधव र उपेन्द्र नेतृत्वमा जन्मेका नयाँ दलका कार्यकर्ताहरू झर्ला र खाउँला भन्ने आस गर्दै यिनको पछि लागेका हुन् । लोभी–पापीहरूको यो जमात मन्त्री पद नपाएपछि लाखापाखा हुने र नेतृत्व तहलाई समेत चुनौती दिन सक्ने शीर्ष नेताहरूमा देखिन्छ । आफ्नो आङको छारो उडाउँदै अस्ति प्रचण्डले एक सभामा हाकाहाकी नै मिल्ने भए त आफ्नो पार्टीको ४९ सांसदहरूलाई मन्त्री बनाइदिन्थे भन्दै सरेआम आफ्ना सांसदहरूको बदनामी गरे । त्यसो त प्रचण्ड, माधवहरूसमेतले विगतमा प्रधानमन्त्री खान ज्यान फालेर लागेको इतिहास नै छ । अहिले जइसन गुरु वैसन चेलाको अवस्था सृजना हुनु स्वाभाविकै हो ।

पटक–पटक प्रधानमन्त्री बनिसकेका शेरबहादुर देउवासमेत यो बुढेसकालमा जवानीको जोश देखाउँदै प्रधानमन्त्री र पार्टी सभापतिको पद हत्याउने प्रपञ्चमा सक्रिय भएको सबैले अनुभव गरेकै कुरा हो । नेपाली राजनीतिमा मैं लाउँ, मैं खाउँ, सुख सयल सबै मैं गरूँ भन्ने प्रवृत्ति देखिन्छ । नयाँ ९ दिन पुराना सौ दिन भन्ने उखानलाई यी पदलोलुपहरूले सार्थक बनाएका छन् । केही महीना अघि पर्साका सांसद विमल श्रीवास्तवलाई ढाढस दिंदै पूर्व प्रम ओलीले– मैले त दुईदुईपल्ट किडनी चेन्ज गराइसके, म अझै तीन चार चुनाव लड्छु, तपाईं पनि चुनाव नलड्ने कुरा नगर्नुस्, तपाईं मभन्दा कान्छै हो । चुनाव लड्नुपर्ने आशय व्यक्त गर्दै अहिले रिटायर्ड नहुने सङ्केत गरेछन् । यसरी बूढाखाडाले काठमाडौंको जाम सडकझैं बाटो नछोड्नाले दोस्रो, तेस्रो दर्जाका नेताहरूले त्यही बाटो पछ्याउँदै पटक–पटक हुँदोखादो मन्त्री पदमा दाबेदारी गर्ने गरेको देखिन्छ । प्रधानमन्त्री पदको प्यासा त बिचरा रामचन्द्र पौडेल पनि हुन्, तर उनी पनि देउवाको जाममा परेकोपर्‍यै छन् ।

सबैलाई थाहा छ, पार्टीलाई जतिसुकै झटका लागे पनि पार्टी क्षतविक्षत हुँदासमेत ओली, प्रचण्ड र उपेन्द्रहरूले पार्टी अध्यक्षको कमान आफ्नै हातमा राखेका छन् । बाचुन्जेल आफूहरू पार्टी अध्यक्षबाट टसमस नहुने अनि सबै जुनियरहरूले मन्त्री पदमैं आँखा लगाए भनेर राँडो रुवाई रुनुको अर्थ के नै रह्यो ?

दल दर्ता गर्न कैदीझैं होटल, रिसोर्टमा थुनिएर बस्नेहरू पनि त चिचीपापा पाइन्छ भनेर नै जाग्राम बसेका हुन् । निर्वाचन आयोगमा सशरीर सनाखत गराउन हाईहाई गर्ने अनि खानेपिउने मौका आउँदा बाईबाई गर्नु कहाँको न्याय हो ?

आयो टप्प टिप्यो भनेझैं वर्तमान स्वास्थ्य राज्यमन्त्रीझैं झपट्टा मारेर मन्त्री पद हात पार्नेहरूको त्रासले मन्त्री पदका थुप्रै सक्रिय आकाङ्क्षीहरू परदेशी कार्यकर्ता भनाउँदाहरूसँग त्रसित पनि देखिन्छन् । माधव र उपेन्द्रको दलमा परदेशी कार्यकर्ताहरूको त हुम्बोहुम्बो नै चल्न थालेको छ रे !

विभिन्न बहानामा मन्त्रिपरिषद्को विस्तार हुन सकेको भन्दै देउवाले आफ्नो बचाउ गरे तापनि दलहरूबीचको आन्तरिक कलह, थान गन्तीमा प्राप्त हुने मन्त्री सङ्ख्या र खसमखास मन्त्रालय लिने रस्साकस्सी पनि मन्त्रिमण्डल विस्तारको प्रमुख बाधक रहेको कुरा विश्लेषकहरू बताउँछन् । प्रधानमन्त्री बनेपछि जङ्गे पाराले शासन चलाउने हाम्रो परम्परा देखिन्छ, जसले गर्दा भीमसेन थापाहरूले त्यतिकै ज्यान गुमाउनुपर्ने अवस्था छ ।

मुलुक बहुदलमा प्रवेशपछि उत्पन्न खिचलोलाई स्व. राजा वीरेन्द्रले मुसुमुसु हाँसेर सुनेझैं वर्तमान उठापटकलाई ओलीले त्यही शैलीमा मजा लिइरहेका छन् रे !

कतिपय राजनैतिक विश्लेषकहरूका अनुसार यदि फितलोको नाजायज फाइदा उठाउँदै देउवा पनि ओली पथ अर्थात् मध्यावधि निर्वाचनतर्फ आकर्षित हुन थालेका छन् तर यसको ठोस निर्णय देउवाले महाधिवेशनपछि लिने चर्चा छ ।

लामो समयदेखि मुलुकको राजनीति अन्योलग्रस्त छ । यो अन्योलको कारक ओलीलाई करार गरे पनि वर्तमानले त यी सबका प्रमुख कारण सत्तालोलुप वर्तमान राजनैतिक दल काङ्ग्रेस, माधव नेपाल, प्रचण्ड र उपेन्द्रहरू साबित भएका छन् । ओली हटाऊ एक सूत्रीय मागका साथ आन्दोलनरत यिनीहरूले सत्ताको साँचो हातमा पर्दासमेत शासन सञ्चादन गर्न नसक्नु कम लज्जाजनक घटना होइन ।

नङ्गा क्या नहाएगा, क्या निचोडेगा प्रवृत्तिका यिनीहरूको भ्यागुतो धार्नी सबैले देखिसकेका छन् । तसर्थ मुलुकको आर्थिक भार न्यून गर्दै देउवाले आधा दर्जनभन्दा कम सदस्य राखेर सरकार चलाएकोमा आम जनता खुशी भएको देख्दा म पनि दङ्ग छु । धन्यवाद देउवाजी !

# खर्चिलो र भड्किलो बन्दै चुनाव

नारायण न्यौपाने, काठमाडौं, २० भदौ/रासस

"खर्चका कारण निर्वाचन लड्न नसक्ने भइयो, भड्किलो चुनावले लोकतन्त्रलाई बोक्न सक्दैन, निष्ठाको राजनीति गर्ने चुनावमा प्रतिस्पर्धा गर्न नसक्ने भए, अब हामी निर्वाचन व्यवस्थापनमा व्यापक सुधार गर्न तयार हुनैपर्छ" भनेर संविधानसभा सदस्य खिमलाल देवकोटाले उठाएको आवाजमा अन्य नेता पनि सहमत हुन थालेका छन् ।

संविधानसभा सदस्य देवकोटा भन्छन्–"नेताका आफन्त र मन परेकालाई समानुपातिकमा अनि प्रत्यक्षमा पैसाका आधारमा टिकट दिने प्रवृत्तिले राजनीतिको अवमूल्यन गर्छ र पाखा लगाउँछ, यसलाई रोक्नुपर्छ ।" संविधानसभाबाट संविधान जारी भएपछि वडा तहदेखि राष्ट्रपतिसम्म एक चरणको निर्वाचन प्रक्रिया पूरा हुँदा नहुँदै निर्वाचन प्रणालीबारे कुरा उठ्नु अस्वाभाविक हो । निर्वाचनमा पराजय हुनेबाट यस्ता विचार आउनुलाई स्वाभाविक मानिए पनि विजयी उम्मेदवारबाटै खर्चका हिसाबले निर्वाचन निकै महँगो भएको प्रतिक्रिया आइरहेको छ ।

गत निर्वाचनमा पालिका प्रमुख उम्मेदवारले करीब रु एक करोड तथा प्रतिनिधिसभामा रु पाँच करोड खर्च गरेको पाइएको छ । नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विजय सुब्बा भन्छन्–"ठेकेदार र बिचौलियालाई चुनावमा टिकट दिने दल र नेता दोषी हुन्, प्रणाली होइन, गलत प्रवृत्ति रोक्न मुख्य दल जिम्मेवार हुनुपर्छ, इमानदार र निष्ठाको राजनीति गर्नेलाई मात्र टिकट दिने संस्कार बसाल्नुपर्‍यो, नीति नियम र आचारसंहिता पालना गराउन र गलत क्रियाकलाप रोक्न राज्य सशक्त हुनुपर्छ ।"

निर्वाचन खर्चबारे सर्वत्र चासो र चिन्ता व्यक्त भएपछि निर्वाचन आयोगले सुधारका लागि अध्ययन/अनुसन्धान अघि बढाएको छ । नीति अध्ययन प्रतिष्ठान निष्कर्षमा पुगि नसके पनि खर्चिलो निर्वाचन रोक्न पाँच विकल्प अघि सारेको छ । प्रधानमन्त्री वा राष्ट्रपति पाँच वर्षका लागि प्रत्यक्ष निर्वाचित हुने प्रणाली अवलम्बन गर्दा तुलनात्मकरूपमा कम खर्चिलो हुने प्रारम्भिक मत छ ।

उक्त प्रणाली अवलम्बन गरिएमा निर्वाचित नेताको नेतृत्वमा सरकार गठन हुने तथा सांसद नीति–निर्माता अर्थात् विधायकका रूपमा मात्र रहने सुझाव छ । दोस्रो विकल्पका रूपमा प्रधानमन्त्री संसद्बाटै निर्वाचित हुने तर सांसद भने मन्त्री हुन नपाउने व्यवस्था प्रस्ताव गरिएको छ । प्रधानमन्त्रीको नेतृत्वमा रहने मन्त्रिपरिषद्मा विज्ञ समूह रहने प्रस्ताव गरिएको उक्त प्रणालीमा प्रवेश गर्ने हो भने हालको प्रणालीमा सामान्य संशोधन गरेर जान सकिने तर्क गरिएको छ ।




तेस्रो विकल्पमा पूर्ण समानुपातिक ढाँचा अघि सारिएको छ । त्यसमा प्रतिनिधिसभाका सबै स्थान समानुपातिक अर्थात् व्यक्ति होइन राजनीतिक दल र विचारबीच प्रतिस्पर्धा हुने प्रणाली प्रस्ताव गरिएको छ । चौथो विकल्पका रूपमा राष्ट्रियसभालाई पूर्णरूपमा समावेशी बनाउने अनि प्रतिनिधिसभामा जसले बढी मत पाउँछ, त्यसैले जित्ने प्रणाली अँगाल्ने मत अघि सारिएको छ । अभ्यासमा हाल कायम रहेको मिश्रित प्रणालीको विकल्पमा उम्मेदवार अग्रिम घोषणा हुने, व्यक्ति चुनावमा जाने, दलले प्राप्त गरेको मतका आधारमा उम्मेदवार निर्वाचित हुनेछ ।

पाँचौं विकल्पका रूपमा विकास निर्माण र सेवा प्रदान गर्ने निकाय भएकोले स्थानीय तहमा दलीय आधारमा नभई असल काम गर्ने जित्न सक्ने प्रणाली पनि उपयुक्त नमूना हुने तर्क अघि सारिएको छ ।

**पूर्ण समानुपातिकका लागि राष्ट्रिय बहस**

एमाले नेतृ पद्माकुमारी अर्याल भन्छिन्–"अहिले चुनावमा हने बाहुबल, धन र हुलहुज्जतले सीधासोझालाई अप्ठेरो र अन्याय परेको छ, हामीले आत्मसात् गरेको मिश्रित निर्वाचन प्रणाली दोषी होइन, समानुपातिकमा पनि बल र पहुँच पुऱ्याउन हालीमुहाली हुँदा सोच र परिकल्पना विपरीत हुन पुगेको छ ।"

मुलुकलाई कसरी अघि लैजाने भन्ने कुरामा राजनीतिलाई अनुशासित तुल्याउँदै, दूषित हुँदै गएको राष्ट्रिय राजनीति र सुशासन सपार्न नेताको इमानदार प्रतिबद्धता आवश्यक रहेको औंल्याउदै पूर्वमन्त्री अर्याल भन्छिन्–"त्यो हुन सकेन भने पूर्ण समानुपातिकका लागि राष्ट्रिय बहस चलाऔं ।"

निर्वाचन स्वतन्त्र, निष्पक्ष, स्वच्छ, विश्वसनीय र मितव्ययी बनाउन संसदीय समितिमा होस् वा अरू कुनै भेटघाटमा आयोग पदाधिकारीलाई जनप्रतिनिधिका तर्फबाट निरन्तर घच्घच्याउने काम भइरहेको छ । अघिल्लो निर्वाचनमैं पनि टिकट खरीद, कार्यकर्ता परिचालन, मतदान र मतगणना, निर्वाचित भएपछि मन्त्री बन्न, गएको चुनावको खर्च उठाउन र आगामी निर्वाचनका लागि रकम जम्मा गर्न इमान बेचिएको पाइएको छ ।

राजनीतिक दल र उम्मेदवारलाई तुलसहित ठूला पदयात्रा, जुलूस र प्रदर्शनीमा रोक लगाउँदै युग सुहाउँदो प्रविधिमैत्री तुल्याउन टेलिभिजन र सामाजिक सञ्जालमार्फत दृष्टिकोण जनतासामु राख्ने वातावरण बनाउन विज्ञबाट सुझाव आएको छ ।

निर्वाचन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनमाथि प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिमा भएको पछिल्लो छलफलमा सांसद रेखा शर्माले करोडौं खर्च गरेर निर्वाचनबाट आउने नतीजाले सुशासन र राजनीतिक स्थिरता कायम हुन नसक्ने टिप्पणी गरिन् ।

उनले भनिन्–"समानुपातिकमा मन परेको तथा प्रत्यक्षमा पैसा हुनेको छनोटले सुशासन, स्थिरता र निष्ठाको राजनीति गर्नेलाई टिकाउन समस्या पैदा भो, निष्ठाको राजनीति जोगाउन, सुशासन कायम गर्न र जनप्रतिनिधि नीति निर्मातामा स्थापित गराउन प्रणालीमैं पुनरवलोकन जरूरी छ ।"

समानुपातिक र समावेशिता सुनिश्चित हुनेगरी निर्वाचन प्रणालीमा सुधार गर्न जोड दिंदै पूर्वमन्त्री शर्मा भन्छन्–"प्रणालीभित्र सुधार गरौं, निष्ठाले निर्वाचन जित्ने साँच्चीकै मितव्ययी निर्वाचन होस् भन्ने हामी सबैको सोच हुनुपर्छ ।"

लोकतन्त्रको प्राणवायु निर्वाचनमा अनेकौं विकृति र विसङ्गति देखिएपछि सबै पक्षबाट निर्वाचन व्यवस्थापनमा ठूलो सुधारको खाँचो औंल्याइएको हो । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता लक्ष्मणलाल कर्ण भन्छन्–"परिणाम धेरै खराब देखिएको छ, निष्ठाको राजनीति र समाजसेवा गर्नेभन्दा ठेकेदार बढी आउन थाले, प्रतिनिधिसभाका लागि निर्वाचन खर्चको सीमा रु २४ लाख तोकिएको छ, त्यो नै बढी हो, पोस्टर र भोजभतेर भए/नभएको आयोगले दरो र खरोरूपमा अनुगमन र निगरानी गर्नुपर्छ ।"

पैसा हुनेले जित्ने, नभए हार्ने निर्वाचन भ्रष्टाचारको स्रोत बन्न पुगेको जनाउँदै विज्ञले सुशासन, लोकतन्त्र र कानूनी राज्यलाई निर्वाचनमा ठूला भनिएका नेताबाटै बेवास्ता गरिएको दृष्टान्त प्रस्तुत गरे । राजनीतिक दल र उम्मेदवारबाट आर्थिक गतिविधि पारदर्शी, खर्च कानूनबमोजिम बैंकिङ प्रणालीबाट, खर्च विवरण पेश, खर्चको वैधता, चन्दाको सीमा हद, स्रोत खुलाउनेजस्ता कार्यमा कानूनपालनामा ध्यान नदिएको आरोप

(बाँकी पाँचौं पातामा)

फरक समाचार

# काठमा हिंडेर बिजुली उत्पादन

अब काठको भुइँबाट बिजुली बनाउन सकिन्छ । यस भुइँमा हिंडेपछि बिजुली उत्पन्न हुन्छ । अन्तर्राष्ट्रिय वैज्ञानिकको एउटा टीमले वुडन नैनोजेनरेटर तयार गरेका छन्, जसमा खुट्टा पर्नेबित्तिकै बिजुली उत्पन्न हुन्छ । यसबाट एलइडी लाइट चीम बाल्न सकिन्छ ।




वैज्ञानिकको भनाइ छ, काठ सजिलै र सस्तो मूल्यमा पाइने भएकोले यस नैनोजेनरेटरलाई घरमा लगाउन किफायती हुनेछ ।

यसरी उत्पन्न हुन्छ बिजुली: जर्नल मैटरमा प्रकाशित शोध अनुसार बिजुली तयार गर्ने काम नैनोजेनरेटरले गर्छ । यस नैनोजेनरेटरलाई तयार गर्न काठको दुईवटा टुक्रा प्रयोग गरिन्छ । काठको एकातिर पोलिडिमेथाइलसिलोक्सेन (पिडिएमएस) र अर्कोतर्फ जियोलिटिक इमिडेजोलेट फ्रेमवर्क–८ (जेडआइएफ–८) को तह चढाइन्छ ।

यी दुवै केमिकल बिजुली जेनरेट गर्ने क्रममा इलेक्ट्रोनलाई आकर्षित गर्ने र छोड्ने गर्छ । यसमा काठको एउटा भाग पोजिटिभ र अर्को भाग नेगेटिभ चार्जसरह काम गर्छ । काठको दुवै टुक्रालाई दुई इलेक्ट्रोडको बीचमा राखिन्छ । जब यस काठमा कुनै मान्छे हिंडछ तब यसले ऊर्जा पाउँछ र चार्ज हुन्छ । यसबाट बिजुली उत्पन्न हुन्छ । यस बिजुलीको प्रयोग एलइडी चीम बाल्न हुन्छ । विज्ञानको भाषामा यसलाई ट्राइबोइलेक्ट्रिक इफेक्ट भनिन्छ ।

शोधकर्ताको भनाइ छ, नैनोजेनरेटर एउटा प्रोटोटाइप हो । भविष्यमा यसलाई कोठामा लगाउन सकिन्छ । हिंडडुल गरेर बिजुली उत्पन्न गर्न सकिन्छ । यसप्रकारको बिजुली उत्पादन गर्न कति खर्च हुन्छ शोधकर्ताले स्पष्ट गरेका छैनन् । यो शोध स्वीटरजरल्यान्डको इटिएच ज्युरिच, चीनको चोङकिङ विश्वविद्यालय र नोर्थवेस्टर्नको इलिनोयस विश्वविद्यालयका शोधकर्ताहरूले मिलेर गरेका हुन् ।

शोधकर्ताको भनाइ छ, काठ सस्तो, उत्कृष्ट र सजिलै उपलब्ध हुने पदार्थ हो । यो इन्टिरियरको हिसाबले सुन्दर पनि देखिन्छ । भविष्यमा तयार हुने स्मार्ट भवनमा यस्तो ऊर्जा हार्भेस्टिङ फ्लोर लगाएर बिजुली बनाउन सकिन्छ । नैनोजेनरेटरको माथिल्लो र तल्लो स्थानमा एक–एकवटा अतिरिक्त तह भएको कारण यो सीधा मनुष्यलाई छुँदैन ।

काठ नभएमा यो नैनोजेनरेटर तयार गर्न निकै गाऱ्हो हुन्छ । काठ यस कारण जरूरी छ कि किनभने यो ट्राइबोन्युट्रल हुन्छ र यसमध्ये एउटामा पनि इलेक्ट्रोन गुमाउने खतरा हुँदैन । कस्तो प्रकारको काठ यसको लागि उत्कृष्ट हुन्छ यसमाथि अनुसन्धान भइरहेको छ । नैनोजेनरेटर तयार गर्नको लागि स्प्रस नामक काठ उत्कृष्ट हुन्छ । युरोपमा सबैभन्दा बढी यसै काठको प्रयोग हुन्छ । त्यहाँ यो सजिलै र सस्तो मूल्यमा उपलब्ध छ ।

# पाँचजनामध्ये एकजनाको मृत्युको कारण गलत खानपान

सही खानपानले बच्चाको वृद्धिमा मदत गर्छ भने युवामा मोटोपन, हृदयरोग, टाइप–२ मधुमेहलगायत थुप्रै प्रकारको क्यान्सरको खतरा पनि घटाउँछ । तथ्याङ्क अनुसार अमेरिकामा २ देखि १९ वर्षका १९ प्रतिशत र यसभन्दा बढी उमेरका लगभग ४० प्रतिशत व्यक्ति मोटोपनको शिकार छन् जसले टाइप–२ मधुमेह र क्यान्सरजस्ता रोगको खतरा बढाउँछ ।



लैंसेटमा प्रकाशित रिपोर्ट अनुसार सन् १९९० देखि २०१७ को बीच १९५ देशमा गरिएको अध्ययनले भन्छ– दुनियाभरि भएको हरेक पाँचजनामध्ये एकजनाको मृत्यु गलत खानपान र त्यसबाट हुने रोगको कारणले हुन्छ ।

त्यसो भए सही खानपान के हो ? विज्ञानले भन्छ यदि तपाई खानालाई दुई भाग फल र तरकारीको रूपमा सेवन गर्नुहुन्छ, र बाँकी एक–एक भागमा प्रोटिन र कार्बोहाइड्रेट भएको भोजन सेवन गर्नुहुन्छ भने यो आदर्श स्थिति हो । सबैभन्दा जरूरी कुरा तपाईंको आधा भोक फल र तरकारीबाट नष्ट हुनुपर्छ । विज्ञका अनुसार गलत खानपानबाट तीनवटा रोगको खतरा हुन्छ ।

**हृदयरोग**: नूनको बढी मात्रा खतरनाक हुन्छ । अस्वस्थ खानेकुराबाट हृदयरोग लाग्छ । सबैभन्दा ठूलो कारण सोडियम वा नूनको बढी मात्रा सेवन गर्नु हो । सोडियमको बढी मात्राको कारण उच्च रक्तचाप बढ्छ । यसले रक्तवाहिकालाई पनि नोक्सान पुऱ्याउँछ, यसबाट हृदयरोग बढ्छ ।

**मधुमेह**: भोजनले शरीरमा चिनीको रूप लिन्छ यसको प्रयोग शरीरले ऊर्जाको रूपमा गर्छ । मीठो खाद्य पदार्थ शरीरमा तीव्र गतिले अवशोषित हुन्छ जसबाट शरीरमा चिनीको स्तर तलमाथि हुन्छ । वर्तमानमा चिनी मिसाएको खाद्य पदार्थको प्रयोग बढेको छ जसले गर्दा मधुमेहका रोगी पनि बढेका छन् ।

**क्यान्सर**: स्वस्थ शरीरको लागि माइक्रोन्युट्रिएन्ट्स यानि प्रोटिन, बोसो र कार्बोहाइड्रेट्सको सही सन्तुलन निकै जरूरी हुन्छ । वर्ल्ड क्यान्सर रिसर्च फन्ड अनुसार बढी बोसो र चिनी भएको वस्तु जस्तै चिप्स, बर्गर, चकलेट, बिस्कुटको सेवनबाट मोटोपन बढ्छ । शोध अनुसार मोटोपन १२ प्रकारको क्यान्सरको कारण बन्छ ।

**स्वस्थ खानपानको लागि २:१:१ सूत्र**: कुल खानाको ५० प्रतिशत यानि २ भाग फल र तरकारी हुनुपर्छ । यसबाट शरीरलाई चाहिने आवश्यक भिटामिन, मिनरल्स, डायटरी फाइबर र न्युट्रिएन्ट्स पाइन्छ । यसको अतिरिक्त खानाको २५ प्रतिशत भाग कार्बोहाइड्रेटबाट पूरा हुनुपर्छ । कार्बोहाइड्रेटले शरीरलाई ग्लुकोज उपलब्ध गराउँछ, जुन शरीरमा ऊर्जाको रूपमा काम गर्छ । शरीर सञ्चालनको लागि ६० प्रतिशत ऊर्जा यसैबाट पाइन्छ । बाँकी २५ प्रतिशत भाग प्रोटिनबाट पूरा गर्नुपर्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इराकमा आइएस समूहद्वारा आक्रमण, १३ जना सुरक्षाकर्मीको मृत्यु

बगदाद, २० भदौ/सिन्हवा

किर्कुक प्रान्तमा इस्लामिक स्टेट (आइएस)ले शनिवार राति प्रहरी चौकीमा आक्रमण गरेको छ। उक्त घटनामा कम्तीमा १३ जना सुरक्षाकर्मीको मृत्यु भएको इराकको प्रान्तीय प्रहरी स्रोतले आइतवार पुष्टि गरेको छ।



काबुलस्थित स्थानीय बजारमा मुद्रा साट्न आएका ग्राहकको खानतलाशी लिंदै तालिबान लडाकू। तस्वीरः एएफपी

उक्त घटनामा छजना सुरक्षाकर्मी घाइते भएको बताइएको छ। प्रहरी मेजर अब्बास अल–ताईका अनुसार आइएस आतङ्कवादीले शनिवार राति बगदादबाट करीब २५० किलोमिटर उत्तरमा पर्ने प्रान्तीय राजधानी किर्कुकको दक्षिणमा अल–राशाद शहरको एउटा गाउँमा सङ्घीय प्रहरी चौकीमा आक्रमण गरेको थियो।

अल–ताईले भने, "चौकीमा भएको आक्रमणपछि उनीहरूले गाउँतर्फ जाने सडकछेउमा शक्तिशाली विस्फोट गराएका र त्यही विस्फोटमा परी १३ जना प्रहरी मारिएका छन् भने अरू छजना घाइते भएका छन्।"

आक्रमणपछि उक्त क्षेत्रमा थप सुरक्षाकर्मीलाई तैनाथ गरिएपछि आक्रमणकारी घटनास्थलबाट भागेका थिए।

सरकारले सुरक्षा फौजको सहयोगमा कब्जा गरेको प्रान्तमा इराकी सुरक्षा बलमाथि विगत केही महीनायता आइएस समूहले आक्रमण तीव्र पारेको थियो। यस क्रममा दर्जनौं सुरक्षाकर्मी, सर्वसाधारण र आइएस लडाकूसमेतको मृत्यु भएको छ भने सयौं घाइते भएका छन्।

सन् २०१७ मा इराकी सुरक्षा फौजले इराकी आइएस समूहलाई पराजित गरेपछि इराकको सुरक्षा स्थिति मजबूत रहँदै आएको महसूस गरिएको थियो। तथापि सुरक्षा बल तथा नागरिकविरुद्ध बारम्बार गुरिल्ला आक्रमण गरेर शहरी केन्द्र वा मरुभूमि र पहाडी क्षेत्रमा आइएसले आफ्नो अस्तित्व देखाउने प्रयास गर्दै आएको छ।

**अफगान राष्ट्रिय ध्वजावाहक विमानद्वारा अवरुद्ध आन्तरिक उडान पुनः शुरू**

काबुल/सिन्हवा

अफगानिस्तानको ध्वजावाहक विमान एरियाना अफगान एयरलाइन्सले तालिबान समूहले अफगान राजधानी कब्जा गरेसँगै अवरुद्ध बनेका आन्तरिक उडान पुनः सञ्चालनमा ल्याएको स्थानीय टेलिभिजन च्यानलले आइतवार जनाएको छ।

"एरियाना अफगान एयरलाइन्सले काबुलबाट हराट, मजार–ए–शरीफ र कान्धाहार शहरहरूसम्मको उडान पुनः शुरू गरेको छ," टोलो न्यूजले आफ्नो समाचार बुलेटिनमा उल्लेख गरेको छ।

अगस्त महीनाको अन्त्यमा अमेरिकी सेना फर्किएपछि घरेलु उडान पुनः आरम्भ गर्ने पहिलो स्थानीय एरियाना अफगान एयरलाइन्स हो। अमेरिकी सेनाको बहिर्गमनसँगै काबुल विमानस्थलका सुविधाहरूमा समस्या रहेको बताउने गरिएको छ।

अर्को स्थानीय निजी विमान कम्पनी काम एयरले आफ्नो विमान काबुल विमानस्थलबाट इरानको मशहाद शहरमा सारेको समाचारमा जनाइएको छ।

तालिबानले अगस्त १५ मा अफगानको राजधानी कब्जा गरेपछि काबुलमा अराजक स्थिति आउन सक्ने आशङ्कापछि त्यहाँ उडान भरिरहेका स्वदेशी तथा विदेशी विमान कम्पनीले व्यावसायिक उडान गर्न रोकेका थिए।

सञ्चारमाध्यमहरूका अनुसार कतारको एक प्राविधिक टोली काबुल विमानस्थलमा उडान पुनः सुचारु गर्न मदत गर्न तयार छ।


मानवीय सहायता लिएर संयुक्त अरब इमिरेट्सबाट ओहदाका अधिकारीहरू र अर्को विमान बोकेको कतारी विमान केही दिनअघि काबुल अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको थियो। रासस

## वाशिङ्टनमा गोली चल्दा तीनजनाको मृत्यु

संयुक्त राज्य अमेरिका, २० भदौ/एएनआई

वाशिङ्टन डिसीमा भएको गोलीकाण्डमा परी कम्तीमा तीनजनाको मृत्यु भएको र अन्य तीनजना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ।

लङ्फेलो स्ट्रीटको ६०० ब्लक, उत्तरपश्चिममा स्थानीय समय शनिवार साँझ ७:३० (ग्रीनबीच समय ११:३०) बजे गोली चलेको अमेरिकी प्रहरीले पुष्टि गरेको हो। डिसी प्रहरी विभागले ट्विटरमार्फत जारी विज्ञप्तिमा भनेको छ–"आक्रमणबाट तीनजनाको मृत्यु भएको छ र तीनजना घाइते भएका छन्। उनीहरूको अवस्था सामान्य छ।" डिसी प्रहरी प्रमुख रबर्ट कोन्टेले सञ्चारकर्मीलाई दिएको जानकारी अनुसार संदिग्धहरू एक्कासि गाडीबाट बाहिर निस्केर धन्धाधुन्ध मानिसको भीडमा गोली हानेका प्रत्यक्षदर्शी भनाइ तथा प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। मृतक सबै वयस्क हुन्।



गोली चलेको स्थानको निरीक्षण गर्दै प्रहरी। तस्वीरः एपी

प्रहरी प्रमुखले गोली चलाउने समूहबारे जानकारी ल्याउने जोसुकैलाई ७५ हजार अमेरिकी डलर इनाम दिने घोषणा गरेको छ। रासस

## बाइडेन दम्पतीले तीन स्थलको अवलोकन भ्रमण गर्ने

संयुक्त राज्य अमेरिका, २० भदौ/एएनआई

अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले आगामी शनिवार न्युयोर्क, पेन्सिलभेनिया र भर्जिनिया पुगी सेप्टेम्बर ११ को आतङ्ककारी आक्रमणस्थलको अवलोकन भ्रमण गर्ने भएका छन्।

सन् २००१ सेप्टेम्बर ११ मा भएको आतङ्ककारी आक्रमणको २० औं वर्षका दिन हुने अवलोकन भ्रमणलाई विशेष महत्त्वका साथ लिइएको छ।

ह्वाइट हाउसले ट्वीटर सन्देशबाट जानकारी गराए अनुसार सेप्टेम्बर ११ शनिवारका दिन बाइडेन दम्पतीले सेप्टेम्बर ११ हमलाका तीनै स्थलको यात्रा गरेर २० वर्ष अघि गुमाएका जीवनलाई सम्मान र स्मरणीय बनाउनेछन्।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिस र उनका पति डगलस इमोफ पनि छुट्टै कार्यक्रमका लागि पेन्सिलभेनिया, शाङ्कसभिल जाने कार्यक्रम रहेको बताइएको छ। उनीहरू शाङ्कभिलपछि पेन्टागनमा राष्ट्रपति बाइडेन र प्रथम महिला जिल सम्मिलित कार्यक्रममा सहभागिता जनाउने वक्तव्यमा उल्लेख छ।

शुक्रवार राष्ट्रपति बाइडेनले सङ्घीय जाँच ब्युरोको सेप्टेम्बर ११ को जाँचसँग सम्बन्धित कागजातहरूको वर्गीकरण समीक्षा निरीक्षण गर्न न्याय विभाग र अन्य सम्बन्धित निकायलाई निर्देशन दिने कार्यकारी आदेशमा हस्ताक्षर गरी आगामी छ महीनामा वर्गीकृत कागजातहरू सार्वजनिक गर्न निर्देशन दिएका थिए।

सेप्टेम्बर ११, २००१ मा संयुक्त राज्य अमेरिकाले आफ्नो इतिहासकै सबैभन्दा घातक आतङ्ककारी आक्रमणको सामना गर्नुपरेको थियो। आक्रमणमा तीन हजार भन्दा बढी मानिस मारिएका थिए।

अल कायदाद्वारा अपहरण गरिएका विमानहरूलाई १०२ मिनेटको अवधिमा ती भवनमा ठोकाएर दुर्घटना गराएपछि न्युयोर्कको विश्व व्यापार केन्द्रका दुवै टावर ढलेका थिए। रासस


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### राष्ट्रभक्ति................

जोडिएको उनले बताए। उनले सीमामा तैनाथ सशस्त्रका जवानहरूलाई कर्तव्यपालन पूर्ण इमानदारीका साथ गर्न निर्देशन दिए।

कार्यक्रममा सशस्त्र प्रहरी बल गोपालगंजका प्रहरी निरीक्षक मुकुन्द घिमिरेले स्वागत गरेका थिए। कार्यक्रममा सप्रउ रविणराज कर्णजीत, उपप्रमुख रीमादेवी कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह, इप्रका सिम्रौनगढका प्रनि दीपक सुवेदी, वडाध्यक्ष रमेश कुशवाहा, शङ्करसाह कानू, रामबहादुर पटेल, हेमचन्द्र प्रसादलगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण सशस्त्र प्रहरी नायब निरीक्षक मोहन श्रेष्ठले गरेका थिए।

### पर्सा जिल्लामा भौतिक....

गर्न र पिउने पानी आफूसँगै ल्याउन सूचित गरेको सरस्वती मावि ठोरीका प्रअ ढुङ्गेलले बताए।

*प्रस, सेढवा/*

वीरगंज महानगरपालिकाका विद्यालयहरू पूर्णरूपमा सञ्चालनमा आएको समाचारसँगै जीराभवानी र पटेर्वासुगौली गापामा पनि आइतवारदेखि भौतिक उपस्थितिमा विद्यालय सञ्चालन भए।

यसअघि, मन्त्रीस्तरीय तथा स्थानीय प्रशासनको निर्णयबाट मात्र विद्यालय सञ्चालन हुने बताउँदै आएका यहाँका प्रअहरूले आइतवारदेखि विद्यालय सञ्चालनमा ल्याएका हुन्। दुवै गापाका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा बालविकासदेखि कक्षा १२ सम्म एकसाथ सञ्चालनमा आएका हुन्।

आइतवार पहिलो दिन विद्यार्थीहरूको सङ्ख्या कम रह्यो। सबैलाई सूचना नपुगेको र कोरोनाको भयको कारण पनि कतिपय विद्यार्थी विद्यालय नआएको पाइएको छ।

*प्रस, पोखरिया/*

पोखरिया नगरपालिकामा रहेका विद्यालयहरू भदौ २२ गतेदेखि खुल्ने भएका छन्। नगरपालिकाले सरोकारवालाहरूसँग बैठक गरी भदौ २२ गतेदेखि खोल्ने निर्णय गरेको छ।

कालिकामाई गापामा रहेका विद्यालयहरू भने आइतवारदेखि सञ्चालनमा आएका छन्। धोबिनी गापाका विद्यालयहरू भदौ १५ गतेदेखि नै सञ्चालनमा छन् तर पकाहामैनपुर गापाले भने अहिलेसम्म विद्यालय खोल्ने सम्बन्धमा निर्णय गरेको छैन, जसले गर्दा यहाँ विद्यालय खुल्ने विषय अहिले पनि अन्योलमा छ।


**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD2A11CY8MPB89984, इन्जिन नं DHYRMB63684 भएको लु.७६प ६७३५ (प्रदेश २–०३–०१६प २५५) नम्बरको बजाज कम्पनीको १५० सिसीको कालो–रातो रङ्गको पल्सर मोटरसाइकल २०७८/०५/१२ गते मध्यराति वीरगंज महानगर–१५ लक्ष्मणवास्थित घरबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८०१३४१२४८ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

**माँ लक्ष्मी आयल इन्टरप्राइजेज**
**औराहा–६, पर्सा**


**आजको राशिफल**

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – कान्तिक्षय |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – रोगभय |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### भड्किलो........

लगाइएको छ। गोप्य मतदानबाहेक निर्वाचनका सम्पूर्ण प्रक्रिया छ्याङ्ग, पारदर्शी बनाए अहिले नै प्रणालीको विकल्प रोज्नु नपर्ने विज्ञहरूको मत छ।

**विधायक कानून निर्माता मात्र**

विधायक कानून निर्माता भएकाले तिनलाई त्यसमैं बढी क्रियाशील गराउनुपर्ने आवश्यकतामा जोड दिइएको छ। सांसदको योग्यता तोकेर जनतालाई पनि योग्य छान्न चेतना जगाउन सकिए विकृति न्यूनीकरण हुँदै जाने विचार पनि प्रकट गरिएको छ। चुनावमा व्यक्ति होइन, राजनीतिक दल र सिद्धान्तबीच प्रतिस्पर्धा हुनुपर्छ, दलबीच चुनावी एकता भई जित्ने अवस्था हुँदासमेत २०० जनाको घरदैलो कार्यक्रमले आयोगले तोकेको रु २४ लाखको सीमाभित्र बस्नुपर्ने कार्यको ठाडै उल्लङ्घन भइरहेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बहुदलीय शासन प्रणालीमा सम्पत्ति र स्रोतसाधनले नभई विचार तथा सिद्धान्त जित्नुपर्छ भन्ने मान्यताका साथ निर्वाचनलाई मितव्ययी बनाएर साँच्चीकै निष्ठावान् र इमानदार उम्मेदवार विजय हुने वातावरण बनाउन मौजुदा प्रणालीभित्रबाटै सुधारका केही काम शुरू गरिएको प्रतिक्रिया दिए।

उनले भने–"भडकिलो निर्वाचनलाई नियन्त्रण गर्न आचारसंहिता कडा बनाउने र उम्मेदवारले गर्ने खर्च र सम्पत्ति विवरण प्रविधिद्वारा हेर्न सक्ने प्रणाली विकास गरिने छ, खर्च सीमाभित्र रहे नरहेको अनुगमन र खर्च व्यवस्था पारदर्शी बनाउने रणनीतिक योजना छ।"

मतदातामा पनि भोज खाएर मत दिन्न भन्ने प्रतिबद्धता हुनुपर्ने र आचारसंहिताको कडाइका साथ अनुगमन भएमा सुधार गर्न सकिने प्रशस्त सम्भावना औंल्याइएको छ। घोषणापत्रमा उल्लेख भए अनुसार दल र उम्मेदवार प्रतिबद्ध भए अस्वस्थ निर्वाचन रोक्न सकिने जनाइएको छ।


**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहट**

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

**सूचना नं २०७८/७९/१**

प्रथमपटक प्रकाशित सूचना मिति : २०७८।०५।२१ गते

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रौतहटको आव २०७८/७९ को स्वीकृत वार्षिक व्यावसायिक मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले ३०औं दिन (मिति २०७८/०६/१९ गते)सम्म कार्यालय समयभित्र इच्छुक कृषक, कृषक समूह समिति, निजी फर्म तथा सहकारी संस्थाहरूले तपसिल अनुसारका कागजातहरू संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव दर्ता गराउनुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटको लागि समावेश हुन नसक्ने बेहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रमको नाम | एकाइ | जम्मा परिमाण | प्रति कार्यक्रम अधिकतम अनुदान रकम (नयाँ पोखरी निर्माण) | अनुदानग्राहीको लागत प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम अनुदान कार्यक्रम (सर्वसाधारणको लागि ९० प्रतिशत) | कट्ठा | | रु १५ हजार प्रतिकट्ठा | पचास प्रतिशत |
| २ | मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम अनुदान कार्यक्रम (आरक्षित कोटा १० प्रतिशत) | कट्ठा | | रु १५ हजार प्रतिकट्ठा | पचास प्रतिशत |

**तपसिल अनुसारका संलग्न गर्नुपर्ने कागजातहरू :**

* रु १०।– को हुलाक टिकट टाँसेको फा.नं. २ अनुसारको प्रस्ताव/आवेदन।
* रु १००।– को नगदी रसिद।
* फा.नं. ३ (क) बमोजिम आवेदकको स्वघोषणा र प्रतिबद्धता।
* आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
* अन्य प्रमाणपत्रहरू (तालीम, शैक्षिक योग्यता, अनुभव आदि)को प्रतिलिपिहरू।
* दर्ता भएका सहकारी, निजी फार्म, संस्थाको हकमा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
* दर्ता भएका समूह, सहकारी, फार्म, संस्थाका सो कार्यमा संलग्न हुने सदस्यहरूले प्राप्त गरेका तालीम, शैक्षिक योग्यता, अनुभव आदिको प्रतिलिपिहरू।
* समूह/समिति/सहकारी/निजी फार्म/संस्थाको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
* समूह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धतासम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।
* लक्षित वर्ग (शहीद/बेपत्ता/द्वन्द्वपीडित परिवार/दलित अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम/महिला, आदिवासी/जनजाति/विपन्न गरीब) भए प्रमाण खुल्ने कागजात।
* प्रचलित कानूनबमोजिम अयोग्य नठहरिएको।
* नयाँ पोखरी निर्माण (कम्तीमा १५ कट्ठा) गर्नुपर्ने स्थानको जग्गाधनीको लालपुर्जाको प्रमाणित प्रतिलिपि वा अरूको नाममा दर्ता रहेको जग्गामा कार्यक्रम सञ्चालन गरिने भए कानूनबमोजिम प्रमाणित हुने सो कार्य सञ्चालनको लागि कम्तीमा पाँच वर्षको लागि मञ्जुरीनामा वा करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित), जग्गाको भोगाधिकार प्रमाण आदि।
* सो कार्यक्रम सञ्चालनको लागि अनुदान उपलब्ध गराइदिनको लागि कार्यक्रम सञ्चालन गरिने स्थानमा रहेको स्थानीय तहको सम्बन्धित विषयगत शाखाको सिफारिशपत्र।

**पुनश्च :** निवेदन/प्रस्तावको ढाँचा यस कार्यालय वा कार्यालयको वेबसाइट vhlsecrautahat.p2.gov.np/website बाट प्राप्त गर्न सकिनेछ।

**नोट :** थप जानकारीको लागि सम्पर्क पदाधिकारीहरू : जादोलाल साह (अधिकृतस्तर छैटौं) मो.नं. ९८४५१७०५५४
**ईशु मियाँ (सहायकस्तर पाँचौं) मो.नं. ९८४१७९९१९१**

# निजगढ नपाले झूटो प्रमाण पेश गरेको खुलासा

जीतलाल श्रेष्ठ, निजगढ, २० भदौ/

निजगढ नगरपालिकाले विकास


तस्वीरः प्रतीक




निर्माण सामग्रीको उपलबधताको नाममा झूटो प्रमाण पेश गरेको खुलासा भएको छ । जिल्ला समन्वय समिति बारामा पेश नपाले झूटो प्रमाण पेश गरेको रहस्य खुलेको हो ।

झूटो विवरणको कागजातमार्फत सम्बन्धित निकायबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरणका लागि नपाले सिफारिश लिन प्रक्रिया चालेको देखिएको छ। राष्ट्रिय गौरवको आयोजना काठमाडौं–निजगढ द्रुतमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि ढुङ्गा, गिट्टी, बालुवा आवश्यक रहेको भन्दै वन र चुरे क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलनको बहानामा वातावरणीय परीक्षण प्रतिवेदन (आइइई) पालिकाले तयार गरिसकेको छ ।

त्यसैगरी, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि पनि नदीजन्य पदार्थ उत्खननको प्रक्रिया मिलाएको छ । तर विमानस्थलमा बकैयाखोलाको दक्षिण किनारमा तारजालीमा ढुङ्गा भर्ने कामबाहेक काठमाडौं–निजगढ द्रुतमार्गमा नदीजन्य पदार्थ प्रयोग भइरहेको छैन । उक्त प्रयोजनका लागि भनेर निजगढ नपाले लगाएको नदीजन्य पदार्थको ठेक्काबाट उठेको नदीजन्य पदार्थ हालसम्म प्रयोग गरेको छैन ।

द्रुतमार्ग निर्माणको क्रममा सोको ट्र्याक चुरे पहाड भएर गएको हुँदा सोही चुरे पहाड कटानबाट निस्किएको प्राकृतिक साधन सामग्रीको नै पर्याप्त प्रयोग भएको छ ।

त्यसैगरी, पालिकाको अर्को झूट 'सर्वसाधारण जनताका घर निर्माणमा नदीजन्य पदार्थ आवश्यक पर्ने र अन्यत्रबाट ल्याउँदा महँगो पर्ने, श्रममूलक विधिबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन गरी बिक्री गर्दै आइरहेका स्थानीयहरूको रोजगार, एक हजारभन्दा बढी टचाक्टर र ५० वटाभन्दा बढी टिपरलगायत स्काभेटर, लोडरमा रोजगार गर्नेहरू बेरोजगारी हुने, नदीजन्य पदार्थ खोलामा थुप्रिन गई खोलाको सतह माथि उठ्दा बाढीले बस्ती, जङ्गललगायतमा क्षति पुग्ने' जस्ता कुरा उक्त सिफारिशमा समेटेको छ ।

बेहोरा र समस्या जेसुकै भएपनि त्यसको व्यवस्थापनको लागि प्रक्रिया, ऐन, कानूनको परिधिभित्र रहनुपर्ने हुन्छ। तर त्यसविपरीत नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरण गर्न आइइई रिपोर्ट निजगढ नपाले तयार गरेको देखिन्छ ।

नेपाल सरकारले मिति २०७१/३/२ मा चुरे वातावरण संरक्षण क्षेत्र घोषणा गरेको थियो । जसमा बारा जिल्ला अन्तर्गतको २० हजार ५२६.७ हेक्टर क्षेत्र रहेको छ। राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिबाट सन् २०१५ मा प्रकाशित An Atlas या घट अनुसार निजगढ नगरपालिकाको चुरे वातावरण संरक्षण क्षेत्रभित्र १, २, ३, ४, ५, ६, १०, ११, १२ र १३ वडा पर्दछन् ।

यसरी चुरे संरक्षित क्षेत्र परे पनि निजगढ नपाले कुनै सहमति नलिई गैरकानूनीरूपमा नदीखोलाको ठेक्का लगाउँदै उत्खनन गर्दै आइरहेको रहस्य उजागर भएको छ ।

यसरी तयार गरिएको आइइई रिपोर्ट पटक–पकट माग गर्दा पनि निजगढ नपाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्की र निजगढ नगरप्रमुख सुरेशकुमार खनालले उपलब्ध नगराइ दुई सातादेखि आलटाल गर्दै आइरहेसँगै छलछाम गरी आइइई रिपोर्ट तयार गरेको आशङ्का छ ।

नगरपालिकाले बकैया, धन्सार, बगर, लाल, भक्तलाल र शक्ति खोलाको आइइई रिपोर्ट तयार गरी ठेक्का बन्दोबस्तीको सूचना आह्वान गरिसके पनि कुन कुन खोलाबाट के कति परिमाणमा नदीजन्य पदार्थ झिक्न सकिनेगरी आइइई रिपोर्टमा उल्लेख गरिएको छ। सो बारे पनि जानकारी नदिई गुमराहमा पार्ने काम गर्दै आइरहेको छ ।

यता वन क्षेत्र प्रदेश सरकारको मातहतमा रहेकोले आवश्यक कारबाहीका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश वन निर्देशनालयमा डिभिजन वन कार्यालय बाराले पत्राचार गरिसकेको डिएफओ मन्जुर अहमदले जानकारी दिए ।

जिल्ला समन्वय समितिको बैठकमा र कार्यालयबाट पत्राचार गरी कुन प्रक्रिया, ऐन, कानून टेकेर आइइई रिपोर्ट तयार गरी ठेक्का बन्दोबस्तीको सूचना प्रकाशित गरिएको भन्दै पत्राचार गरे पनि अझैसम्म पनि जवाफ आफ्नो कार्यालयमा नआएको डिएफओ अहमदले बताए ।






# कलवारद्वय तारेखमा रिहा

प्रस, वीरगंज, २० भदौ/

अन्त:शुल्क स्टीकर हिनामिना


उदयपुर र धौलागिरि डिस्टिलरीका सञ्चालकद्वय । तस्वीरः प्रतीक

प्रकरणमा आन्तरिक राजस्व कार्यालय, पर्साले ३१ करोड ६३ लाख ३० हजार रुपैयाँ जरिवानासहित १/१ वर्ष कैद सजाय गरेको वीरगंज–२४ रामगढवामा सञ्चालित उदयपुर डिस्टिलरी प्रालिका सञ्चालक ओमप्रकाश कल्वार र पर्साको पोखरिया नगरपालिकाको बसतपुरमा सञ्चालित जयश्री धौलागिरिका सञ्चालक शम्भुशरण कल्वार दाइभाइलाई सर्वोच्च अदालतले तारेखमा रिहा गर्ने निर्णय गरेको छ ।

२०७६ असोजमा आन्तरिक राजस्व कार्यालय, पर्साले वीरगंज–२४ रामगढवामा सञ्चालित उदयपुर डिस्टिलरी प्रालिका सञ्चालक ओमप्रकाश कल्वारलाई २६ करोड १५ लाख ७० हजार रुपैयाँ बिगोसहित एक वर्ष कैद सुनाएको थियो भने निजका दाजु पर्साको पोखरिया नगरपालिकाको बसतपुरमा सञ्चालित जयश्री धौलागिरिका सञ्चालक शम्भुशरण कल्वारसँग रु ५ करोड ४७ लाख ५९ हजार बिगोसहित एक वर्ष कैद सजाय सुनाएको थियो ।

बिगो रकम तिर्न नसक्दा दुवै दाजुभाइ वीरगंज कारागारमा कैद थिए। उनीहरूले सर्वोच्च अदालतमा जेथा जमानी राखेर धरौटीमा रिहा र मुद्दाको पुनरावलोकनको लागि रिट दिएको र सो रिटमा अदालतले जेथा जमानी स्वीकृत गरी मुद्दाको किनारा नलागेसम्म रिहा गर्ने निर्णय गरेको हो ।

भदौ १८ गतेको फैसला वीरगंज कारागारमा सोही दिन साँझ आएको र दुवैजना अभियुक्तलाई शनिवार बिहान काठमाडौं लगिएको छ ।

आज सर्वोच्चमा हाजिर गराएर फैसला अनुसार उनीहरू रिहा हुँदैछन् ।

उदयपुरका सञ्चालक ओमप्रकाशसँग आर्थिक वर्ष २०७१/७२, २०७३/७४ र २०७४/७५ मा अन्त:शुल्क स्टीकर खरीद गरेर लगेको, त्यसको आम्दानी खातामा जनाएको, आम्दानी खातामा प्रत्येक दिनको खर्च र मौज्दातको विवरण जनाएको, स्टिकर अल्या गर्दा अर्थात् जिम्मेवारी सार्दा जानाजानी बदनियतपूर्वक कम सङ्ख्यामा अल्या गरेको, उत्पादित मदिरा श्रीराम टेड्रिङ कन्सर्न प्रालिको नक्कली एवं दोहोरो–तेहोरो कर बिजक जारी गरी बिक्री गरेको बेहोरा पुष्टि भएको भन्दै आन्तरिक राजस्व कार्यालय, वीरगंजले बिगो, जरिवाना र विलम्ब शुल्क जोडेर जम्मा २६ करोड १५ लाख ७० हजार ३ सय ४७ रुपैयाँ र जयश्री धौलागिरिका सञ्चालक शम्भुशरण कलवारसँग बिगो, जरिवाना र विलम्ब शुल्क गरी कुल ५ करोड ४७ लाख ५९ हजार ७ सय ३३ रुपैयाँ असुल गर्नुपर्ने साथै एक वर्ष कैद सजाय आन्तरिक राजस्व कार्यालय, पर्साले गरेको थियो ।

# रूखबाट लडेर मृत्यु

प्रस, महोत्तरी, २० भदौ/

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नं ३ खैरामा रूखबाट लडेर एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोही स्थान निवासी ६२ वर्षीय खोबारी खान रहेको प्रहरीले जनाएको छ ।

आफ्नै बारीको रूखमा चढेर हाँगा काट्दा खान शनिवार लडेर गम्भीर घाइते भएका थिए। उनको उपचारको क्रममा जिल्ला अस्पताल जलेश्वरमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए ।

# खेलकुदको संसार

## नेपाल भारतसित पराजित

काठमाडौं, २० भदौ/रासस

भारतसितको दोस्रो मैत्रीपूर्ण खेलमा नेपाल पराजित भएको छ। भारतसँग नेपाल २–१ गोलअन्तरले पराजित भएको हो। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न खेलमा भारतले नेपालमाथि जीत हासिल गरेको हो ।

भारतका लागि फारुख चौधरी र कप्तान सुनील क्षेत्रीले गोल गरे ।


तस्वीरः रासस

नेपालका लागि सान्त्वना गोल तेज तामाङले गरे । पहिलो हाफमा प्रदर्शन गरेको खेललाई दोस्रो हाफमा निरन्तरता दिन नसक्दा नेपाल पराजित हुन पुगेको हो।

नेपाल र भारत दुवैले पहिलो हाफमा गोलरहित बराबरी खेलेका थिए। दुवै टोलीका तर्फबाट पटक–पटक गोलको प्रयास भए पनि सफल भने हुन सकेनन् ।

दोस्रो हाफमा मैदान प्रवेश गरेका फारुख चौधरीले खेलको ६२औं मिनेटमा भारतका लागि पहिलो गोल गरेका थिए। यस्तै, खेलको ८०औं मिनेटमा भारतीय कप्तान सुनील क्षेत्रीले आफ्नो टोलीका लागि दोस्रो गोल गरे। उनी विनाअवरोध सहजै गोल गर्न सफल भए। भारतले दुई गोल गरेपछि नेपालले आक्रामक खेल खेलेको थियो। खेलको ८७औं मिनेटमा नेपालका लागि तेज तामाङले डिबक्स बाहिरबाट उत्कृष्ट गोल गरे। उनले झन्डै २० यार्ड टाढाबाट गोल गरेका थिए।

नेपाली टोलीले दोस्रो हाफमा पनि गोल गर्ने उत्कृष्ट मौका पाए पनि त्यसको सदुपयोग गर्न भने सकेन ।

यसअघि बिहीवार भएको पहिलो मैत्रीपूर्ण खेलमा नेपाल र भारतले एक/एक गोलको बराबरी खेलेका थिए। नेपालका लागि अञ्जन विष्टले गोल गरेका थिए भने भारतका लागि अनिरुद्ध थापाले गोल गरेका थिए। आज खेलको ७४औं मिनेटमा भारतीय टोलीका प्रशिक्षक इगिर स्टिमिकले पहेंलो कार्ड पाएका थिए। भारतविरुद्धको दोस्रो खेलमा नेपालका राजन गुरुङ र गोलकीपर विशाल श्रेष्ठले डेब्यु गरेका थिए।

खेलको म्यान अफ दि म्याच नेपालका तर्फबाट तेज तामाङ तथा भारतका तर्फबाट अनिरुद्ध थापा घोषित भए। दुवैले जनही रु २५ हजारको चेक र ट्रफी प्राप्त गरे। यस्तै, प्लेयर अफ दी सिरिज भारतका रहिम अली घोषित भए। उनले रु एक लाखको चेक र ट्रफी पाए। उनीहरूलाई गृहमन्त्री बालकृष्ण खाँण, राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य सचिव रमेशकुमार सिलवाल, अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का अध्यक्ष कर्माछिरिङ शेर्पालगायतले चेक र ट्रफी वितरण गरे।

## पार्वतीलाई स्वर्ण

काठमाडौं, २० भदौ/रासस

नेपाल प्रहरीकी पार्वती गुरुङले १०औं कोरियन एम्बासडर राष्ट्रिय खुला भर्चुअल पुम्से तेक्वान्दोमा स्वर्ण पदक जितेकी छन्। नेपाल तेक्वान्दो सङ्घको आयोजना तथा नेपालस्थित दक्षिण कोरियाली राजदूतावासको सहयोगमा भइरहेको उक्त प्रतियोगितामा उनले महिला एकलको १८–३५ वर्षमा ७.१३ अङ्क जोड्दै स्वर्ण पदक हात पारेकी हुन् ।

त्यस्तै, आर्मीकी सिना मादेनले दोस्रो स्थान हात पारिन्। सिनाले ६.८४ अङ्क जोडिन्। आयशा शाक्य ६.६१ तथा प्रशंसा क्षेत्री ६.५४ अङ्क बटुल्दै तेस्रो स्थानमा रहे। शीर्ष तीन स्थान हात पार्ने सबै खेलाडी १३औं दक्षिण एशियाली खेलकूद (साग)का स्वर्ण विजेता हुन् । आयशाले १३औं सागमा दोहोरो स्वर्ण जितेकी थिइन्।

प्रतियोगिताको पुरुष एकल १५–१७ वर्षमा गोदावरी इन्टरनेशनलका श्रृजल श्रेष्ठले ६.३८ अङ्क जोड्दै शीर्ष स्थान हात पारे । छ दशमलव ३४ अङ्क जोड्दै आर्मीका सुजन श्रेष्ठ दोस्रो भए। मूलपानी तेक्वान्दो डोजाङका आयुश ढुङ्गेल र चन्द्रसूर्यका यज्ञ राईले तेस्रो स्थानमा चित्त बुझाए । महिला एकलको १२–१४ वर्षमा कोटेश्वरकी सन्ध्या लामा ९६.५९ अङ्कले स्वर्ण तथा गोदावरीकी सरगम थापा ९६.२८ अङ्कले रजत जिते। स्यूचाटारकी रोशनी शाह र सुप्रिमकी तारा वाइवाले संयुक्तरूपमा कांस्य जिते।


सधैं सम्झनामा



जन्मः २०१८/०८/०५

स्वर्गारोहणः २०७७/०५/०१

स्व. प्रमोदकुमार गुप्ता

हाम्रा प्रातः स्मरणीय **प्रमोदकुमार गुप्ता**को स्वर्गारोहण भएको आज प्रथम वार्षिक पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

काकी : नर्मदा देवी
दाजु : विनोदकुमार गुप्ता
भाइ / बुहारी : मनोज / पूर्णिमा गुप्ता
जयदीप / प्रियङ्का गुप्ता
भतिज / बुहारी : सौरभ / अंशु सर्राफ
सेजल, मिहिर, धैर्य तथा श्वेत
भतिजी / ज्वाइँ : रेखा / भोलाप्रसाद सर्राफ
सुरेखा / अवधेश साह
नाति : हर्ष, यश, आरब, आयान, माही
नातिनी : रिम्शा, आराध्या

पत्नी : नीलम सर्राफ
छोरी / ज्वाइँ : चाँदनी / बृज सर्राफ
छोरा : रूपाल सर्राफ
नाति : हर्षित

*एवं समस्त गुप्ता परिवार*